# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १५९ | काठमाडौं | शनिबार, १२ असोज २०८१ | Prabhab National Daily | Saturday, September 28, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# अविरल वर्षाले निम्त्याउँदै संकट

- आज पनि दिनभर वर्षा हुने
- आइतबार मध्याह्नपछि मौसममा केही सुधार हुने



बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-८ चारसयबैंसीमा सडकमाथिबाट लेदो आएर अवरुद्ध भएको सडकमा शुक्रबार साँझ फसेको कार । उक्त सडकखण्ड शुक्रबार बिहानदेखि अवरुद्ध बनेको हो । *तस्बिरः राजकुमार पराजुली/रासस*



अविरल वर्षाका कारण शुक्रबार अवरुद्ध भएको नौबिसे-काठमाडौं सडक । धादिङको धुनिबेसी नगरपालिका-९ सुरुङमार्ग नजिक सडक माथिबाट लेदोसहितको पहिरो खसेपछि सडक दुईतर्फी नै अवरुद्ध भएको हो । *तस्बिरः शंकर श्रेष्ठ/रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बिहीबार साँझदेखि परेको पानीले देशभरकै जनजीवन प्रभावित बनाएको छ । लगातारको वर्षाका कारण मुख्य राजमार्गहरू अवरुद्ध हुन पुगेका छन् । पहिरो आएका कारण विपी राजमार्ग र त्रिभुवन राजपथ दुवै अवरुद्ध भएपछि काठमाडौं उपत्यका भित्रिने र बाहिरिने सवारी आवगमन शुक्रबारदेखि नै अवरुद्ध बनेको छ ।

बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-८ चारसयबैंसीमा सडकमाथिबाट लेदो आएर सडक अवरुद्ध बनाएको हो । यस्तै त्रिभुवन राजपथअन्तर्गत नौबिसे-नागढुंगा सडकखण्ड धादिङको धुनिबैंसी नगरपालिका-९ सुरुङमार्ग नजिक सडकमाथिबाट खसेको लेदो माटोले अवरुद्ध बनेको हो । दक्षिणकालीबाट फाखेल हुँदै हेटौंडा जाने सडक पनि पहिरोका कारण अवरुद्ध भएको छ । पहिरोको जोखिमलाई मध्यनजर गर्दै राजमार्गहरूमा रात्रिकालीन समयमा आवगमन बन्द गरिएको छ ।

## कुलेखानीको ड्याम भरिने अवस्थामा, 'हाइ अलर्ट'मा रहन आग्रह

अविरल वर्षाका कारण कुलेखानी प्रथम जलविद्युत् केन्द्रको बाँध भरिने अवस्थामा पुगेकाले उच्च सतर्कता अपनाउन स्थानीय प्रशासनले आग्रह गरेको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चितुवालले शुक्रबार साँझ सूचना जारी गरी कुलेखानी ड्याम केही घण्टामा भरिने स्थिति देखिएको र बाँधको सुरक्षालाई मध्यनजर गरी ड्यामका ढोका खोल्नुपर्ने देखिएकाले उच्च सतर्कता अपनाउन आग्रह गरेका हुन् ।

शुक्रबार नै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सूचना जारी गरी ड्यामका ढोका खोल्नुपर्ने देखिएकाले उच्च सतर्कता अपनाउन आग्रह गरेको थियो ।

कुलेखानी बाँधदेखि तल सिस्नेरी हुँदै वागमती नदी किनारका बस्तीहरूमा एक्कासि बाढी आउनसक्ने देखिएकाले तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दालाई उच्च सतर्कता अपनाउन र प्रतिकार्यमा खटिने सुरक्षाकर्मी एवं स्वयंसेवकलाई 'हाइ एलर्ट' रहन प्रजिअ चितुवालले आग्रह गरे । मकवानपुर जिल्ला विपद् व्यवस्थापन समिति र सम्बन्धित पालिकाका स्थानीय विपद् व्यवस्थापन समितिहरूले तदनुरूप सुरक्षित स्थानको पूर्वतयारी गर्नसमेत अनुरोध गरिएको उनले बताए ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले देशैभर मध्यमदेखि भारी वर्षा भइरहेको जनाएको छ । महाशाखाको विवरणमा संघीय राजधानी काठमाडौं उपत्यकासहित देशका अधिकांश स्थानमा भारी वर्षा मापन गरिएको छ ।

महाशाखाकी मौसमविद् विनु महर्जनका अनुसार काठमाडौंसहित देशका अधिकांश स्थानमा वर्षा भइरहेको छ । कोशी, मधसश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षा भएको उनले बताइन् ।

विगत २४ घण्टामा कोशी प्रदेशको झापा, इलामलगायत क्षेत्रमा अति भारी वर्षा भएको छ । झापाको अनारमणीमा २०३ मिलिमिटर र चन्द्रगढी विमानस्थलमा २६० मिलिमिटर र इलाममा २४३ मिलिमिटर वर्षा मापन गरिएको मौसमविद् महर्जनले जानकारी दिइन् ।

काठमाडौंको कीर्तिपुरमा शुक्रबार साँझसम्म ८४ मिलिमिटर र बूढानीलकण्ठमा ६५ मिलिमिटर, काठमाडौंका अन्य क्षेत्रमा ६० मिलिमिटरभन्दा बढी वर्षा मापन गरिएको महाशाखाले जनाएको छ । ललितपुरको लेलेमा ११५.५ र गोदावरीमा ९३.८ मिलिमिटर वर्षा मापन गरिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

चाडपर्व सुरक्षा कार्ययोजना

# काठमाडौंलाई १४ इलाकामा विभाजन, ३७ सय प्रहरी खटिने

- प्रहरी नायब उपरीक्षकको नेतृत्वमा प्रत्येक युनिटमा १०/१० जनाको टोली बनाइ परिचालन
- ई-क्युआरटी, सिआरभी र मोबाइल टोली तयारी अवस्थामा
- काठमाडौं भित्रने नाकामा प्रत्येक दिन कुकुरमार्फत उच्च निगरानी
- काठमाडौंका प्रमुख १२ स्थानका टिकट काउन्टरमा सहायता कक्ष सञ्चालन



जिल्ला प्रहरी परिसर काठमाडौंले नजिकिँदै गरेको दसैं, तिहारलगायतका चाडपर्व लक्षित परिचालनका लागि तयार गरेको शीघ्र प्रतिकार्य अर्थात् क्युआरटी टोली । परिसरले अप्रत्यासित घटना तत्काल व्यवस्थापन गर्न उक्त टोली परिचालन गर्न तयारी गरेको हो । *तस्बिरः विमलबहादुर विष्ट/रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल प्रहरीले चाडपर्वलक्षित सुरक्षा योजना सार्वजनिक गरेको छ । दसैंलगायत चाडपर्व नजिकिएसँगै प्रहरीले शुक्रबार सुरक्षा योजना सार्वजनिक गरेको हो ।

चाडपर्वमा शान्ति सुरक्षालाई सुदृढ तुल्याइ जनजीवनलाई सहज र सरल बनाउन विशेष सुरक्षा योजना अघि सारेको प्रहरीले जनाएको छ । सुरक्षा योजनामा नागरिक स्वयंले पनि सावधानी अपनाउनुपर्नेमा जोड दिइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## दुर्घटना न्यूनीकरण गर्न विशेष अभियान

**काठमाडौं (प्रस)–** काठमाडौंमा शुक्रबारदेखि चाडपर्वलक्षित 'दुर्घटना न्यूनीकरण विशेष अभियान, २०८१' सुरू गरिएको छ । गोंगबुस्थित नयाँ बसपार्कमा शुक्रबार आयोजित कार्यक्रममा उक्त अभियानको काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीकी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले शुभारम्भ गरिन् ।

प्रहरी अतिरीक्त महानिरीक्षक बज्राचार्यले सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरेर चाडपर्वलाई सुरक्षित बनाउन सकिनेमा जोड दिइन् । अभियानअन्तर्गत यात्रु सहायता कक्ष सञ्चालन, चालक परिचालकलक्षित स्वास्थ्य शिविर, लामो तथा छोटो दूरीका चालकलाई सम्मान कार्यक्रम र 'नो भ्वाइलेसन, नो पेनाल्टी' लेखिएका स्टिकर टासेर कार्यक्रम सुरु गरिएको हो ।

(क्रमशः पृष्ठ २ मा)

# सन्तान विदेशमा, बाबुआमा वृद्धाश्रममा

## पछिल्लो समयमा वृद्ध भएका आफ्ना बाबुआमालाई बेवारिसे वा वृद्धाश्रममा लगेर छोड्ने र आफू विदेश पलायन हुने संस्कार बढ्दै

■ **सुशील दर्नाल**

**काठमाडौं–** नुवाकोटकी सीतामायाको उमेरले ९० काटिसक्यो । यो डाँडामाथिको जुनजस्तै ९० वर्षको उमेरमा सीतामायाको वरिपरि छोराछोरी, नातिनातिना हुनुपर्ने हो । तर, आफैंले जन्माएको छोराले आफूलाई वृद्धाश्रममा छोडेर अमेरिकामा रमाइरहेका छन् । 'बूढाको पहिले नै स्वर्गवास भयो, सन्तानका नाममा त्यही एउटा छोरो थियो, त्यही छोराले बूढेसकालमा पाल्ला त नि भनेको उसले पनि मलाई यहाँ आश्रममा छोडेर आफ्नो श्रीमती र छोरो लिएर अमेरिका गाको छ रे,' लौरोको साहारा लिइरहेकी सीतामायाले भनिन् ।

सीतामाया वृद्धाश्रममा बस्न थालेको पनि पाँच वर्ष भयो । यसबीचमा आफूलाई वृद्धाश्रममा छोडेर गएपछि एकपटक पनि फर्केर आएनन् सीतामायाका छोरा । छोराले बुहारी र आफ्नो छोरो लिएर अमेरिका गएको कुरा सीतामायाले आफूलाई वृद्धाश्रममा भेट्न आएका गाउँलेको मुखबाट सुनेकी थिइन् । कुन आमाको चाहना हुँदैन र ! जिन्दगीको उत्तरार्द्ध डाँडामाथिको जुनजस्तै भएको बेला सन्तान साथमै होस् । आफ्नो ज्यान आफैंलाई भारी भएर घुँडाले बूढो शरीर धान्न नसकेको बेला घर, परिवार, छोराछोरी, नातिनातिना आफन्तको साहारा होस् । तर, उनको जीवन अहिले वृद्धाश्रममा मृत्यु पर्खेर बसेजस्तै भएको छ ।

सीतामायाको मात्रै होइन, अहिले वृद्धाश्रममा बस्दै आएकी ७८ वर्षीया चन्द्राकुमारीको पनि एउटा छोरा अस्ट्रेलियामा बस्छन् । सिन्धुली घर बताउने चन्द्राकुमारीको अर्को छोरा आफ्नो परिवारसहित भारतमा बस्छन् । चन्द्राकुमारीको श्रीमान्को मृत्युपछि आमालाई कसले पाल्ने भन्नेबारे दुई भाइबीचमा किचलो सुरु भयो । उनी भन्छिन्, 'बूढा बितेपछि सम्पत्तिका लागि दुईभाइ झगडा गर्न थाले, भएको सबै सम्पत्ति आ-आफ्नो नाममा गरेर एउटा अस्ट्रेलिया गयो, अर्को पनि आफ्ना केटाकेटी लिएर भारततिर गयो, त्यसपछि म बूढीको साहारा कोही नभएपछि गाउँलेकै साथ लाएर वृद्धाश्रममा आएर बसेकी छु ।'

> बूढाको पहिले नै स्वर्गवास भयो, सन्तानका नाममा त्यही एउटा छोरो थियो, त्यही छोराले बूढेसकालमा पाल्ला त नि भनेको उसले पनि मलाई यहाँ आश्रममा छोडेर आफ्नो श्रीमती र छोरो लिएर अमेरिका गाको छ रे ।
>
> **सीतामाया (९०)**
> **नुवाकोट**

> बूढा बितेपछि सम्पत्तिका लागि दुईभाइ झगडा गर्न थाले, भएको सबै सम्पत्ति आ-आफ्नो नाममा गरेर एउटा अस्ट्रेलिया गयो, अर्को पनि आफ्ना केटाकेटी लिएर भारततिर गयो, त्यसपछि म बूढीको साहारा कोही नभएपछि गाउँलेकै साथ लाएर वृद्धाश्रममा आएर बसेकी छु ।
>
> **चन्द्राकुमारी (७८)**
> **सिन्धुली**

चन्द्राकुमारीलाई कहिलेकाहीँ विरक्त लाग्छ । सन्तान हुनुभन्दा बरू नभएको भए हुन्थ्योजस्तो लाग्छ । कहिलेकाहीँ उनी आफ्ना विगत सम्झेर रुने गर्छिन् । वृद्धाश्रममा आफूजस्तै अरूहरूको पनि अवस्था देख्दा चित्त बुझाउने गर्छिन् । संसार यस्तै हो, आफ्नो भाग्य जस्तो छ, त्यस्तै भोग्ने हो भनेर चित्त बुझाउँछिन् उनी । 'म यता आएर बसेपछि बहिनीको छोराले मैले पाल्छु भन्दै लिन आएको पनि थियो, म गइनँ, जब आफैंले नौ/नौ महिना कोखमा राखेर, जन्माएर, हुर्काएर, पालनपोषण गरेका आफ्ना छोराले त हेरेनन् भने बहिनीको छोराले म पाल्छु भनेरमात्रै भएन । मलाई पाल्न मसँग पैसा, सम्पत्ति केही पनि छैन, यसलाई पनि किन दुःख दिने भनेर गइनँ,' चन्दाकुमारीले सुनाइन् । सन्तान भएर पनि बूढेसकालमा एक्लो जिन्दगी जिउनुपर्दा साह्रै विरक्त लाग्छ चन्द्राकुमारीजस्ता थुप्रै आमाहरूलाई ।

मानव सेवा आश्रममा आश्रय लिइरहकी ९० वर्षीया लक्ष्मी भट्टको पनि सीतामाया र चन्दाकुमारीको जस्तै मनभरि पीडा छ । बाबुको मृत्युपछि दुईभाइ छोराले भएको सबै सम्पत्ति कुमल्याए र आमालाई सडकमा बेवारिसे छाडे । बूढेसकालमा आफ्नै छोराहरूको आँखाको कसिंगर भएपछि उनी आश्रमको आड लागेको पनि वर्ष दिन भयो । अहिलेसम्म न छोरा, न त कोही आफन्त नै खोजी गर्न आए । बूढेसकालमा पाल्ने एकमात्र छोराले सडकमै छाडेपछि टोखास्थित पवित्र समाज सेवा नेपालमा आश्रित हुनुपरेको छ ६० वर्षीया सुन्तली आमालाई । उनको पीडा पनि आश्रममा रहेका अन्य वृद्धाको भन्दा फरक छैन ।

पछिल्लो समयमा वृद्ध भएका आफ्ना बाबुआमालाई बेवारिसे वा वृद्धाश्रममा लगेर छोड्ने र आफू विदेश पलायन हुने संस्कार बढ्दै गएको छ । धेरै आमाहरू सन्तान भएर पनि निभ्ने बेलाको जिन्दगीलाई वृद्धाश्रमको साहारामा जबर जस्त धकेलिरहेका छन् । सन्तान भएर पनि वृद्धाश्रमको आड लिनुपर्ने बाउ (बाबु)हरू पनि उत्तिकै छन् ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### काठमाडौंलाई १४...

त्यसैले विशेष सुरक्षा योजनाको नारा नै 'नागरिक स्वयंको सावधानी, प्रहरीको निरन्तर निगरानी, बनाऔं सुरक्षित राजधानी' तय गरिएको शुक्रबार परिसरमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

काठमाडौं प्रहरीले सुरक्षा व्यवस्था अझ राम्रो बनाउन काठमाडौंलाई विभिन्न १४ इलाकामा विभाजन गरेको जनाएको छ । प्रहरी नायब उपरीक्षकको नेतृत्वमा प्रत्येक युनिटमा १०/१० जनाको टोली बनाइ परिचालन गरिने काठमाडौं प्रहरी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले जानकारी दिए । उनले दसैं, तिहार, छठलगायत चाडपर्वका लागि काठमाडौंभित्र कूल तीन हजार ७६५ जनशक्ति परिचालन गरिने जानकारी दिए ।

कुनै पनि घटना घटेमा घटनास्थलमा १० मिनेटभित्र पुग्नेगरी 'इलेक्ट्रोनिक क्विक रेस्पोन्स टिम' (ई-क्युआरटी), सिआरभी र मोबाइल टोलीलाई तयारी अवस्थामा राखिएको उनको भनाइ छ। 'घटनास्थलको तस्बिर तथा श्रव्यदृश्य लिन 'गोप्रो क्यामरा', तैनाथीको अवस्था बुझ्न जिपिए र तत्काल प्रतिक्रियाका लागि आवश्यक सामग्रीसहित ई-क्युआरटी टिमलाई परिचालित गरिएको छ । घटनास्थलमा थप प्रतिकार्यका लागि बढीमा ३० मिनेटभित्र यथेष्ठ प्रहरी तैनाथी हुने व्यवस्था मिलाइएको छ,' उनले भने ।

प्रहरीले अपराध हुनसक्ने सम्भावित क्षेत्रमा पैदल, सवारी र ड्रोनमार्फत गस्ती गर्ने छ। प्रहरीले स्थानीयका खाली घर, आर्थिक कारोबार हुनसक्ने स्थान, सरकारी कार्यालय, भीडभाड हुने स्थान, गरगहना पसल, बसका टिकट काउन्टर, धार्मिकस्थल, बसपार्कलगायतलाई सुरक्षा क्षेत्रका रूपमा पहिचान गरेको छ ।

सम्भावित क्षेत्रमा सूचना संकलनका लागि सादा पोसाकमा ३८ टोली परिचालित हुने छन् । 'सिल एण्ड सर्च'का लागि २८ तथा 'एम्बुसिङ' र निगरानीका लागि २२ टोली परिचालित गर्ने काठमाडौं प्रहरीको तयारी छ। काठमाडौं भित्रने नाकामा प्रत्येक दिन कुकुरमार्फत उच्च निगरानी गरिने, विभिन्न ३५ स्थानमा सुरक्षा व्यवस्थासम्बन्धी चेतना फैलाउन पर्चा वितरण गर्ने, काठमाडौंका प्रमुख १२ स्थानका टिकट काउन्टरमा सहायता कक्ष सञ्चालन गरी सार्वजनिक यातायातलाई सुरक्षित र व्यवस्थित बनाउन विविध कार्यक्रम गरिने छ ।

बैंक तथा वित्तीय संस्थामा चोरी लुटपाट हुनसक्ने, सामान किनबेच हुने स्थानमा अत्यधिक भीडभाड भई किनबेच कार्यमा असुविधा तथा पसलहरूमा चोरी तथा लुटपाट हुनसक्नेतर्फ ध्यान दिँदै प्रहरीले निगरानी गर्ने छ । एटिएम बुथ तोडफोड गरी चोरी हुनसक्ने हुँदा सो क्षेत्रतर्फ गस्ती गरी सुरक्षा व्यवस्था मिलाइने प्रहरी वरिष्ठ उपरीक्षक रजौरेले बताए ।

चाडपर्वमा लुटपाट तथा कुटपिट, चोरी, डकैती, सवारी दुर्घटना, तस्करी, जुवातास, अवैध मदिरा बिक्री वितरण, मदिरा सेवन गरी झै-झगडा, ट्राफिक नियमको उल्लंघन, आगजनी तथा विस्फोटन, महँगो भाडा असुलीलगायत आपराधिक गतिविधि हुनसक्ने भएकाले उच्च निगरानी राखिएको प्रहरी वरिष्ठ उपरीक्षक रजौरेले जानकारी दिए। काठमाडौंलाई सुरक्षित सहर बनाउन आमनागरिकको सावधानी आवश्यक रहेको भन्दै उनले काठमाडौंलाई सुरक्षित बनाउन प्रहरीले कुनै कसर नराखिने स्पष्ट पारे ।

●●●

### अविरल वर्षाले...

यो समाचार तयार पार्दासम्म सबै प्रदेशमा निरन्तर वर्षा भइरहेको जनाएको छ । आज (शनिबार) पनि दिनभर वर्षा हुने सम्भावना रहेको मौसमविद् महर्जनले जानकारी दिइन् ।

आइतबार मध्याह्नपछि मौसममा केही सुधार आउँदै जाने महाशाखाले जनाएको छ । निरन्तरको वर्षासँगै उपत्यकालगायत मुलुकका अधिकांश नदीनालामा जलसतह बढेको छ । काठमाडौंको बागमती, विष्णुमती, धोबीखोला, ललिपुरको कर्मानासा, भक्तपुरको हनुमन्ते खोलामा जलसतह उच्च रहेको छ ।

जल तथा मौसम विज्ञान विभागले शुक्रबार मोबाइलमार्फत सूचना पठाएर आवश्यक सतर्कता अपनाउन आग्रह गरेको थियो । काठमाडौं उपत्यकास्थित बागमती नदी, खोकना, मनोहरा, गौरीघाट, बल्खु खोला बलम्बु र विष्णुमती गोंगबु बसपार्क जलमापन केन्द्रमा जलसतह सतर्कता तह पार गरेको र बढ्दो क्रममा भएकाले नदी तटीय क्षेत्रमा यात्रा गर्ने र बस्नेले उच्च सतर्कता अपनाउन विभागले अनुरोध गरेको थियो । देशभर मनसुनी वायुको प्रभाव रहेको छ । साथै भारतको उत्तर मध्य महाराष्ट्र र आसपासको क्षेत्रमा रहेको न्यून चापीय प्रणालीको प्रभाव पनि नेपालमा रहेको महाशाखाले जनाएको छ ।

#### काठमाडौं उपत्यकामा पानी जमेर समस्या

बिहीबार बेलुकीदेखि निरन्तर परिरहेको वर्षाका कारण काठमाडौं उपत्यकाका धेरै स्थानमा पानी जमेर सवारी जाम भएको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जानकारी दिएको छ । काठमाडौं उपत्यकाको सानेपास्थित बागमती नदीमाथिको कालोपुल, इच्छुमती (टुकुचा), लैनचौर, संकटा पुल, टंकेश्वर, परोपकार, नख्खुखोला पुल, कलंकीको ट्राफिक प्रहरी प्रभागलगायत स्थानमा पानी जमेर समस्या भएको महाशाखाका प्रवक्ता रविन कार्कीले जानकारी दिए । यसैगरी दरबारमार्गस्थित होटल याक एण्ड यतिअघि रुख पल्टिएर आधा घण्टा सडक जाम भएको उनले बताए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मुलुकका विभिन्न ३२ वटा बाढी मापन केन्द्रमा जल सतह चेतावनी तहमा पुगेको जानकारी गराएको छ ।

#### स्वयम्भूमा मोटरसाइकल बगायो, चालक बेपत्ता

यसैगरी स्वयम्भूमा गुडिरहेको मोटरसाइकलसहित चालकलाई अविरल वर्षाका कारण आएको बाढीले बेपत्ता बनाएको छ । काठमाडौं महानगरपालिका-१५ अन्नपूर्णचोक नजिक हलचोकबाट अजिमातर्फ जाने ढल मिसिएको खोलाले बगाउँदा सिन्धुपाल्चोक घर भई हाल रानिवन बस्ने १९ वर्षे चालक राजन श्रेष्ठलाई खोलाले बगाएको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीका अनुसार शुक्रबार साँझ ६:१५ बजेतिर बगाएको बागमती प्रदेश ०२-०१८ प २९७३ नम्बरको मोटरसाइकल भेटिए पनि चालक श्रेष्ठ यो समाचार तयार पार्दासम्म बेपत्ता छन् । श्रेष्ठको खोजी भइरहेको प्रहरीले जनाएको छ । बालाजु नयाँ बसपार्क क्षेत्रमा पनि मोटरसाइकल खोलाले बगाएको छ । चालक भने सामान्य अस्थामा रहेको प्रहरीले जनाएको छ । यसैगरी कुलेश्वरस्थित फलफूल गोदाममा पानी पसेर डुबानमा परेको छ। उपत्यकाका नदी आसपासका बस्ती वर्षात्बाट पूर्ण प्रभावित बनेका छन् ।

#### काभ्रेभिरमा पहिरो, बैंसीसहर-चामे सडक अवरुद्ध

मनसुन सक्रिय भएर परेको अविरल वर्षासँगै पहिरो खस्दा चामे-बैंसीसहर सडक अवरुद्ध भएको छ । लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ काभ्रेभिरमा पहिरो खस्दा सडक अवरुद्ध भएको हो ।

काभ्रेभिरमा पहिरो खस्दा एकमात्र मनाङ आवतजावत गर्ने चामे-बैंसीसहर सडक अवरुद्ध भएको प्रमुख जिल्ला अधिकारी मात्रिका आचार्यले जानकारी दिए । 'मनाङ पर्यटकीय क्षेत्र भएकाले यतिबेला पर्यटकको बढी आवतजावत हुन्छ तर सडक अवरुद्ध हुँदा स्थानीयका साथै पर्यटकलाई असर गरेको छ,' उनले भने ।

निरन्तर वर्षा भइरहेकाले जिल्लावासीलाई सचेत तथा सजक रहन आग्रह गरिएको प्रजिअ आचार्यले बताए । 'मनाङ बाढीपहिरोको जोखिमयुक्त क्षेत्र भएकाले सचेत रहन जिल्लावासीलाई आग्रह गरिएको छ,' उनले भने, 'अत्यावश्यकबाहेकका काममा लामो तथा छोटो दूरीको यात्रा नगर्नसमेत आग्रह गरिएको छ ।'

●●●

### दुर्घटना न्यूनीकरण...

त्यसअवसरमा काठमाडौंका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले कानुनविपरीत कार्य गर्ने सबैलाई निर्ममतापूर्वक कारबाही गरिने बताए । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराले चाडपर्वलाई लक्षित गरेर यात्रु सहायता कक्ष स्थापना गरिएको र यात्रामा कुनै समस्या भएमा यात्रु सहायता कक्षमा सम्पर्क राख्न अनुरोध गरे ।

कार्यक्रममा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक विश्वराज खड्काले सबै चालक एवं सडक प्रयोगकर्ताले सडक र सवारी नियम पालना गरेमात्र यात्रा सुरक्षित रहने र सडकमा ट्राफिक प्रहरीको परिश्रम हाम्रै लागि हो भन्ने मनन गर्दै ट्राफिक नियम र सडक अनुशासन पालना गर्न आग्रहसमेत गरे ।

यातायात व्यवस्था विभागका निर्देशक ईश्वरीदत्त पनेरुले सार्वजनिक यातायात क्षेत्रमा अनुशासनलाई मात्रै ध्यान दिन सके धेरै कुरामा सुधार आउने बताए । कार्यक्रमकै अवसरमा सात जना उत्कृष्ट चालक र दुई जना परिचालक बस होस्टेजहरूलाई समेत सम्मान गरिएको थियो ।

●●●

### सन्तान विदेशमा...

पशुपति वृद्धाश्रमलगायत देशका विभिन्न स्थानमा आश्रय लिने अधिकांश वृद्धवृद्धाका सन्तान छन्, तर हेर्दैनन् ।

एकातिर सन्तान भएर पनि आश्रममा आश्रित जीवन बाँच्नुपर्दाको पीडा छ भने अर्कातिर शारीरिक अस्वस्थता, मानसिक तथा मनोवैज्ञानिक पीडा, एक्लोपना उदासीनता र हिनताबोधको पीडा । वृद्धाश्रममा बस्ने अधिकांश वृद्धवृद्धामध्ये धेरैका छोराबुहारी अमेरिका, अस्ट्रेलिया, बेलायतलगायतका मुलुकमा डाक्टर, इन्जिनियर छन् । कतिपय राजनीतिक दलका नेता तथा व्यापारीसमेत छन् । तर पनि आफ्ना आमाबाबुलाई वृद्धाश्रममा लगेर धन्काएका छन् ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका अध्यक्ष मदनदास श्रेष्ठ सम्पत्तिका कारण वृद्धवृद्धाहरू बूढेसकालमा आफ्ना सन्तानबाट एक्लिनुपरेको बताउँछन् । नयाँ पुस्तामा देखिएको व्यक्तिवादी सोचसँगै मौलाएको एकल परिवार (श्रीमान्, श्रीमती, छोरा/छोरी) को संरचनाभित्र जन्म दिने बाबुआमा नअटाएको देखिन्छ । ज्येष्ठ नागरिक अधिकारकर्मी सीताराम ढकाल सम्पत्ति खाने छोराछोरीले नै आफ्ना बाबुआमालाई पाल्नुपर्ने बाध्यकारी ऐन/कानुन बनाएर व्यावहारिकरूपमा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने तर्क गर्छन् ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा यातायात र स्वास्थ्य उपचारमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट दिने भनिए पनि त्यसको अहिलेसम्म पनि पूर्णकार्यान्वयन हुन सकेको छैन । ज्येष्ठ नागरिक (दलित, महिला, लोपोन्मुख जाति, आदिवासी जनजाति, कर्णालीवासी र एकल महिलाले ६० वर्ष र अन्य ज्येष्ठ नागरिकले ६५ वर्ष पुगेपछि सामाजिक सुरक्षाभत्ता पाउने भनिए पनि नागरिकता नभएका कारण वृद्धाश्रमको आश्रय लिने ज्येष्ठ नागरिक त्यसबाट वञ्चित हुँदै आएका छन् ।

सर्वोच्च अदालतको २०६७ चैत २४ गतेको फैसलाले ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा भाडामा ५० प्रतिशत छुट दिन, सरकारी अस्पतालमा निःशुल्क र निजी अस्पतालमा ५० प्रतिशत छुटलाई कार्यान्वयन गर्न सरकारको नाममा आदेश जारी गरेको थियो । तर, त्यसको अहिलेसम्म पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

वि.सं. २०६८ को जनगणनाअनुसार ज्येष्ठ नागरिकको जनसंख्या (६० वर्ष पुगेका) २५ लाख अर्थात् कूल जनसंख्याको ८.१३ प्रतिशत छ । हाल विश्वमा ६० वर्ष नाघेका ज्येष्ठ नागरिक करिव ८० करोड छन् । यो संख्या सन् २०५० सम्ममा दुई अर्ब नाघ्ने अनुमान गरिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार हाल करिब ८० वटा वृद्धाश्रम सञ्चालनमा छन् ।

पछिल्लो समयमा संयुक्तभन्दा पनि एकल परिवारको संस्कृति झन्झन् मौलाइरहेको सन्दर्भमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने छ' भनी संविधानमा उल्लेख गरिएका आधारमा जतिसक्दो चाँडो ऐन/कानुन निर्माण गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

नेपालको संविधान (धारा ४१) मा 'ज्येष्ठ नागरिकको मौलिक हकमा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने छ' भनिएको छ। त्यसैगरी राज्यका नीतिहरू (धारा ५१, (ञ) 'सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति' (१२) मा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिकरूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने भनिएको छ ।

ज्येष्ठ नागरिकले विगत लामो समयदेखि स्वास्थ्य उपचार, यातायात भाडामा छुटको व्यवस्था र सिटको व्यवस्थालगायतका माग गर्दै आएका छन् । बजार भाउ र महँगीलाई मध्यनजर राखेर ज्येष्ठ नागरिकले पाउँदै भएको वृद्धाभत्ता कम्तीमा पाँच हजार रूपैयाँ पुऱ्याउनुपर्ने ज्येष्ठ नागरिक महासंघको माग छ । २०५१ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले १०० रूपैयाँबाट सुरु गरेको वृद्धाभत्ता स्वास्थ्य उपचार खर्चसहित अहिले चार हजार रूपैयाँ पुगेको छ । ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई वृद्धभत्ता दिँदै आए पनि ज्येष्ठ नागरिकहरूले ६० वर्षदेखि नै दिनुपर्ने मागसमेत गरेका छन् ।

पैतृक सम्पत्तिमा छोराछोरीको हक दाबी नलाग्ने, आमाबाबु जीवित रहुञ्जेल पैतृक सम्पत्ति छोराछोरीको नाममा नामसारी गर्न नपाइने र बाबुआमाका विरुद्धमा कुनै वहानामा उजरी गर्न नपाइने विषयलाई कानुनमा कडाइका साथ उल्लेख गर्नुपर्ने देखिन्छ । कानुनी आधारमा मात्र नभई छोराछोरीलाई आफ्ना बाबु आमाप्रति उत्तरदायी बनाउन सकिएमा यो समस्या धेरै हदसम्म कम गर्न सकिने सरोकारवालाहरूको भनाइ छ । *रासस*

## सर्वोच्च अदालतमा दुई न्यायाधीश सिफारिस

**काठमाडौं (प्रस)**– न्याय परिषद्को बैठकले सर्वोच्च अदालतका लागि दुई न्यायाधीश सिफारिस गर्ने निर्णय गरेको छ ।

प्रधानन्यायाधीश तथा न्याय परिषद्का अध्यक्ष विश्वम्भरप्रसाद श्रेष्ठको अध्यक्षतामा शुक्रबार बसेको बैठकले उच्च अदालत पाटनका मुख्य न्यायाधीश नृपध्वज निरौला र उच्च अदालत तुलसीपुरका मुख्य न्यायाधीश नित्यानन्द पाण्डेलाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरेको हो ।

परिषद्को बैठकले उच्च अदालतका १४ न्यायाधीशको सरुवा सिफारिस गर्नेसमेत निर्णय गरेको न्याय परिषद्का प्रवक्ता अशोककुमार क्षेत्रीले जानकारी दिए ।

त्यस्तै, बैठकले राजस्व न्यायाधिकरण नेपालगञ्जको कानुन सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका न्यायाधीश सुभाष पौडेललाई तोक्ने र वैदेशिक रोजगार न्यायाधिकरणको अध्यक्ष पदमा उच्च अदालत, दिपायलका न्यायाधीश गोकर्ण डाँगीलाई तोक्ने निर्णय गरेको छ ।


**मोटरसाईकल हरायो**

मिति २०८१/५/९ गते कागेश्वरी मनोहरा न.पा. वडा नं. ८, आर्दश टोलबाट PULSAR 150CC को रातो कालो रंगको मोटरसाईकल राति ११:३० बजेको समयमा हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नम्बरमा खबर गरिदिनुहोला ।

सवारीधनी: अर्बन ईन्टप्राईज प्रा. लि.
मोटरसाईकल नं. बा.प्र.०२-०४४ प ७४४४
Engine No.: DHXPPB83903
Chasis No.: MD2A11CX8PPB27822
सम्पर्क नं.: 9851094557



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक १५८ असोज ११ गते २०८१ मा प्रकाशित **S.N. Recruiting Service Pvt Ltd** को Lot No. 311309 को **Rimal Al-Bunyan Contracting Company.** कम्पनीको विज्ञापनमा **पूर्व स्वीकृति मिति** : २०८१/०६/१० हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75 Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



**साउदी/युएइमा रोजगार** कम्पनी: SNJAP YATER FOOD SERVICE RESTAURANT शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति : २०८१/०६/04 | LT. No. 311091 | चलानी नं ६०२२५६०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Kitchen Helper | 2 | 0 | 1100 | ३९,२५४ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: AL RABBASH RESTAURANT L.L.C शहर: UAE, DIERA MIRDIF
पूर्व स्वीकृत मिति : २०८१/०६/०८ | LT. No. 311213 | चलानी नं ६०२२५७८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1200 | ४३,७३५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: PROSCAPE LLC शहर: UAE, OFFICE NO. 501
पूर्व स्वीकृत मिति : २०८१/०६/११ | LT. No. 311468 | चलानी नं ६०२२५९२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 40 | 0 | 800 | २९,१५७ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Farm Worker | 70 | 0 | 800 | २९,१५७ | | | | | | | |
| 3 | Garden Worker | 90 | 0 | 800 | २९,१५७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैले | १०,०००/- | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ATLANTIC OVERSEAS PVT. LTD.
City Square Mall, Samakhusi Kathmandu, Nepal +977 985-1141964, 9823528692, +977-01-4977788, +977-01-4977799, www. atlantic.com.np , Email :atlanticoverseasktm@gmail.com, info@atlantic.com.np
श्रम ईजाजत नं. 1674/080/081



**युएइमा रोजगार** कम्पनी: SMART ELITE SECURITY SERVICES LLC शहर: UAE
पुन: स्वीकृत मिति : २०८१/०६/११ | पूर्व स्वीकृत मिति : २०८०/०४/१५ | LT. No. 290025 | चलानी नं ६०२२५८०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GUARD | 40 | 0 | 1800 | ६५,६०३ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।
सुनसरि मल्टिप्रपोज ट्रेनिङ सेन्टर, इटहरी नगरपालिका सुनसरीमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Indigo Overseas Pvt. Ltd
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787/6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com.
श्रम ईजाजत नं. 1072/073/74



**कतारमा रोजगार** कम्पनी : BOLDCO DECORATION AND CNSTRACTION
पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311366 | चलानी नं. ६०२२५९१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 5 | 0 | 1000 | ३६,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Technician | 4 | 0 | 1100 | ४०,३९५ | | | | | | | |

कम्पनी : KLEMANS GRILL
पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311429 | चलानी नं. ६०२२५९१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN.CLEAN.WORKER | 2 | 0 | 1000 | ३६,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



**कुवेतमा रोजगार** कम्पनी : MAKE LIFE GENERAL TRADINIG AND CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311399 | चलानी नं. ६०२२५९१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 1 | 100 | ४३,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dana Human Resource Nepal Pvt. Ltd.
Govt. Lic.No 1692/081/81
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: dananepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com



**युएई/साउदीमा रोजगार** कम्पनी : A.B MEDICAL & LABORATORY EQUIPMENT REPAIRING EST.
पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311437 | चलानी नं. ६०२२५९०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 20 | 0 | 1200 | ४३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JAWA HUMAN RESOURCES COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311428 | चलानी नं. ६०२२५९०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 25 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



**युएईमा रोजगार** कम्पनी : MADAR STEEL INDUSTRIES LLC
पूर्व स्वीकृति मिति : २०८१/०६/१० | LT. No. 311334 | चलानी नं. ६०२२५८८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 800 | २९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



**बहराइनमा रोजगार** कम्पनी : CHOPSTICKS BAHRAIN FAST FOOD WLL
पूर्व स्वीकृति मिति : २०८१/०६/१० | LT. No. 311350 | चलानी नं. ६०२२५८६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 150 | ५३,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068



**कतारमा रोजगार** कम्पनी : VERMINEX PEST CONTROL
पूर्व स्वीकृति मिति : २०८१/०६/१० | LT. No. 311279 | चलानी नं. ६०२२५८९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pest Control Technician. | 10 | 0 | 1200 | ४४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



**बहराइनमा रोजगार** कम्पनी : Al Azhar Contracting Est
पूर्व स्वीकृति मिति : २०८१/०६/१० | LT. No. 311271 | चलानी नं. ६०२२५८९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 100 | ३५,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sandiya Human Resources Pvt. Ltd.
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com
श्रम इजाजत नं. १०९७/०७३/०७४



**साउदीमा रोजगार** कम्पनी : Establishment MOMRAT AL-KHALIJIYYA AL-ARABIA For General Contracting
पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311415 | चलानी नं. ६०२२५८९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forklift Driver | 2 | 0 | 1400 | ४९,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २० गते (6th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम ईजाजत नं. ९७१/०६७/०६८



**साउदीमा रोजगार** कम्पनी : Al Burj Al Lamaa Operation and Maintenance Company, One-Person Company.
पूर्व स्वीकृति मिति : २०८१/०६/१० | LT. No. 311310 | चलानी नं. ६०२२५८३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Roof Cleaning Labor | 2 | 0 | 1600 | ५७,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**काम गर्ने इच्छा र जाँगर भएमा तालिमविना पनि दक्षता प्राप्त गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेकी छन्, चित्रकार सापकोटाले । विभिन्न परियोजनाअन्तर्गत स्वदेश तथा विदेशबाट चित्रकलासम्बन्धी काम आउने गरेको उनले सुनाइन् । अहिले एउटा चित्र न्यूनतम सात हजार रूपैयाँदेखि १२ हजारभन्दा बढी मूल्यमा बिक्री हुने गरेको सापकोटाले बताइन् ।**

▶▶ **विराट न्यौपाने** / लमजुङ

जिल्लाको सुन्दरबजार नगरपालिका-८ कुसुण्डे निवासी एरिका सापकोटाले 'लकडाउन'को समयलाई सदुपयोगमा गरेको प्रयासले उनलाई अहिले कुशल चित्रकार बनाएको छ । आइटी इञ्जिनियर सापकोटाले कोभिड महामारीको बेला भएको लकडाउनमा कुची र रङसँग मित्रता गाँसेकी थिइन् । काम गर्ने इच्छा र जाँगर भएमा तालिमविना पनि दक्षता प्राप्त गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेकी छन्, चित्रकार सापकोटाले । विभिन्न परियोजनाअन्तर्गत स्वदेश तथा विदेशबाट चित्रकलासम्बन्धी काम आउने गरेको उनले बताइन् । 'कोरोनाको समयमा घरबाहिर निस्कन नहुने भयो, सोही समयलाई सदुपयोग गर्दै कुची र रङ खेलाउन थालें, अहिले व्यावसायिकरूपमा चित्र बेच्न थालेकी छु,' उनले भनिन् ।

एरिकाले कडा मिहेनत र लगावका कारण आफू चित्रकार बनेको बताइन् । 'फूपूदिदीको घरमा फर्निचर उद्योग भएको थियो । सुरुआती दिनमा त्यहाँ गएका रङ, कागज र काठका टुक्रामा चित्र बनाउन सिक्थेँ । पछि इन्टरनेटको माध्यमबाट रङको समायोजन र कसरी चित्र बनाउने भन्ने विषयमा अध्ययन र अनुसन्धान गर्दै बनाउन थालेकी हुँ,' उनले भनिन् ।

फुर्सदको समयलाई त्यतिकै फाल्नुहुँदैन भन्ने मान्यता राख्ने सापकोटा आफ्नो इञ्जिनियरिङको कामबाट केही समय सदुपयोग गरी वा कम्प्युटर हेर्दाहेर्दै दिक्क लागेको समयमा चित्र बनाउने गर्छिन् । यसबाट ध्यान विकेन्द्रित नहुने र मनलाई प्रफुल्लित बनाउने उनको अनुभव छ । 'अहिले रङमा हात बसिसकेको छ,' सापकोटाले भने, 'सुरुआती चरणपछि आफैंले रङ, ब्रस र कागज किनेर ल्याई क्यानभासमा चित्र बनाउन थालेकी थिएँ ।' एउटा चित्र बनाउन डेढदेखि दुई घण्टा लाग्ने उनले जानकारी दिइन् ।

चित्र बनाउँदै गर्दा भेटिएकी सापकोटाले भनिन्, 'चित्र बनाएर त्यसलाई पूर्णता दिनुपर्छ । कहीँकतै कहीँ अपुग वा कमी भएमा त्यसलाई अन्तिम चरणको तयारी गर्नुपर्छ ।' उनले एउटा चित्र न्यूनतम सात हजार रूपैयाँ र अधिकतम् १२ हजार रूपैयाँसम्ममा बिक्री हुने उल्लेख गरिन् ।

कम्प्युटरमा काम गर्ने भए पनि आवश्यक रङ, ब्रस र कागज 'अनलाइन'बाट मगाउने गरेको बताउँदै सापकोटाले चित्र बनाउने माग पनि अनलाइनबाटै बढी आउने गरेको जानकारी दिइन् । विदेशमा रहेका साथीभाइ र आफन्तले प्रोत्साहन तथा प्रचारप्रसार गरिदिएको उनको भनाइ छ । विदेशमा रहेका शुभचिन्तकको सहयोगले अमेरिकामा एउटा चित्रलाई २० हजार रूपैयाँ र अस्ट्रेलियामा १२ हजार रूपैयाँमा बिक्री हुने गरेको सापकोटाले बताइन् । पोखरामा फूपूदिदीको घरमा बसेर पढ्दा आफूले सिकेको कलाकारितालाई उनले निखार ल्याउँदै छिन् । नेपालमा पनि अनलाइनबाट चित्र बनाउन माग आउने भएकोले अनलाइनबाटै बिक्री हुने गरेको उनको अनुभव छ ।

चित्र कस्तो, रङ कुन मनपर्ने भन्ने कुरा मानिसको व्यक्तित्त्वमा भर पर्ने बताउँदै मागअनुसार रङ समायोजन गरेर चित्र बनाउने गरेको सापकोटाले उल्लेख गरिन् । 'माग (अर्डर) आएका चित्र सबै बनाउन समय पर्याप्त भएको छैन । आइटीको क्षेत्रमा काम गर्ने भएकाले व्यस्तता पनि निकै छ, फुर्सदमा रङहरूसँग खेल्ने गरेकी छु,' उनले भनिन् ।

चित्र बिक्री हुँदा र पुरस्कार पाउँदा अझ बढी गरुँगरुँ लाग्ने सापकोटाले अनुभव सुनाइन् । गत वर्ष गण्डकी प्रज्ञा-प्रतिष्ठान र क्यानले संयुक्तरूपमा आयोजना गरेको चित्रकला प्रतियोगितामा पुरस्कृत भएको जानकारी दिँदै उनले त्यसबाट प्राप्त हौसलाले ठूलो ऊर्जाको काम गरेको बताइन् ।

घरमा बसेर आइटीको क्षेत्रमा देश विदेशका काम गर्नु र त्यसबाट फुर्सद निकालेर चित्र बनाउनु अहिले उनको दिनचर्या बनेको छ । आँट र मिहेनत गर्ने हो भने जस्तोसुकै कठिन काम गर्न पनि सकिन्छ भन्ने एरिकाले त्यसका लागि तालिम वा प्रत्यक्ष कक्षा लिनु नपर्ने बताइन् । 'पछिल्लो समय प्रविधिमा भएको विकासका कारण इन्टनेटको माध्यमबाट जस्तोसुकै काम गर्न र सिक्न सकिँदो रहेछ,' उनले भनिन्, 'परिवार र आफन्तको सहयोगले आत्मनिर्भर बनाउँदै लगेको छ ।'

अनलाइनबाटै विभिन्न परियोजनाका काम गरिरहेको बताउँदै सापकोटाले चित्रकला कोरिरहँदा मन शान्त र आनन्दित हुने अनुभव सुनाइन् । चित्रकला रोजाइको विषय भएकाले आगामी दिनमा पनि यसलाई निरन्तरता दिने उनको योजना छ । *रासस*

# सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा यस सिद्धार्थ **फर्मास्यूटिकल्स प्रा. लि.** भैरहवाबाट उत्पादित औषधीहरूको आ.व ८१/०८२ को लागि बजार दर रेट तथा बिक्री मुल्य निर्धारण गरि यो दर रेट राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि उक्त औषधीहरु कुनै संग संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यलयहरूले खरिद गर्नु परेमा यस उद्योगको आधिकारीक बिक्रेता **श्री बंगलामुखी मेडिसीन सप्लायर्स प्रा. लि.** भक्तपुरबाट, खरिद गर्न सक्नुहुनेछ भनि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N | BRAND NAME | GENERIC FORM | T-Units | PACK | SALES RATE | MRP |
|---|---|---|---|---|---|---|
| | | **NSAIDs/Ant-Spasmodic/Muscle Relaxant** | | | | |
| 1 | ANAC 100 Tablet | Each Tablet Contains. Aceclofenac 100 | 100 | 10 X 10 | 391.85 | 431.04 |
| 2 | C-NAC TAB | Each Tablet Contains Diclofenac Sodium 50mg | 200 | 20 X 10's | 470.22 | 517.25 |
| 3 | Ibuprofen 400 TAB | Each Uncobled Tablet Contains Ibuprofen 400 mg | 500 | 50X10's | 783.7 | 862.07 |
| 4 | POLAR TAB | Eac h Uncoaled Tablet Contains Paracetamol IP 500 mg | 500 | 50 X 10's | 391.85 | 431.04 |
| 5 | POLAR SUSP | Each 5 ml Contains Paracetamol 125mg | 1 | 1X168 | 23.51 | 25.87 |
| 6 | C-NIM 100 mg | Nimesulido Tablet 100 mg | 250 | 25 X 10.5 | 587.78 | 646.56 |
| 7 | CHEMBUFEN SUSP50ML | Each 5 Ml Ibuprofen 100 mg Paracetamol 125 mg | 1 | 1.168 | 25.08 | 27.59 |
| 8 | CHENBUFEN TAB | Ibuprofen 400 mg + Paracetamol 325 mg | 200 | 20 X 10's | 313.48 | 344.83 |
| 9 | HYSCO-10 MG TAB | Each Film Coated Tablet Contains Hyoscine Butyl Bromide 10 mg | 100 | 10 X 10 | 1253.92 | 1379.31 |
| 10 | POLAZOX TAB | Each Uncoated Tablet Contains **Paracetamol IP 500 mg,** | 200 | 10 X 20 | 1097.18 | 1206.9 |
| 11 | MEVER 135 MG | Each Film Coated Tablet Contains Mebeverine 135 mg. | 100 | 10 X 10's | 940.44 | 1034.49 |
| | | **ANTIBACT ERIALS/ANTIBIOTICS PENICILLING** | | | | |
| 12 | SUMOX 250 DT | Each Dispersible Tablet Contains Ainoxycillin 250 mg | 150 | 15 X 140's | 587.78 | 646.56 |
| 13 | SUMOX 500 CAP | Each Capsule Contains: Amoxycillin500mg | 300 | 20 X 15's | 1880.88 | 2068.97 |
| 14 | SUMOX DRY SYR 60ML | Each 5 ml Amoxycillin 125 mg | 1 | 1 X 168 | 70.54 | 77.59 |
| 15 | SUNOX DRY SYR 90ML | Each 5 ml Amoxycillin 125 mg | 1 | 1 X 112 | 90.13 | 99.14 |
| 16 | CHEMCLOX 500 CAP | Each Capsule Contains Cloxacillin 500mg | 200 | 20 X 10's | 1880.88 | 2068.97 |
| 17 | AMOCLOX CAP | Each Capsule Contains: Amoxycillin 250mg+ Cloxacillin 250 mg | 200 | 20 X 10's | 1880.88 | 2068.97 |
| 18 | AMOCLOX DRY SRY 6MI | Each 5 ml Amoxycilin 125 mg / Cloxacillin 125 mg | 1 | 1 X 168 | 70.53 | 77.59 |
| 19 | AMOCLOX ORY SRY 90MI | Each 5 ml Amoxycillin 125 mg/**Cloxacillin 125 mg** | 1 | 1 X 112 | 94*04 | 103.45 |
| 20 | CLO- AMPI CAP | Each Copsulo Contains Ampicillin 250mg +Cloxacillin 250 mg | 200 | 20 X 10's | 1880.88 | 2068.97 |
| 21 | CLO-AMPI DSR 60 MI | Each 5 ml Suspension Contains Ampicillin 125mg +Cloxacillin 125 mg | 1 | 1 X 168 | 78.37 | 86.21 |
| | | **CEFALOSP[PORINS** | | | | |
| 22 | CEFIRO DT 100 mg | **CEFIXIM 100 mg Dispersiblo Tablet** | - | 10 X 15 | 1880.88 | 2068.97 |
| 23 | CEFIRO 200 TAB | CEFIXIM 200 mg Tablel | 100 | 10 X 10.9 | 1567.4 | 1724.14 |
| 24 | CEFIRO DRY SYRUP60MI | Each 5 ml CEFIRO DIS contains Cefixime T/H USP Eqvt. 1o Anhydrous Cefixime 50 mg | 1 | 1 X 168 | 94.04 | 103.45 |
| 25 | CEPOBACT Dry Syrup 60 ml | CEFPODOXIM 50 mg | 1 | 1 X 168 | 141.07 | 155.18 |
| 26 | CEPOBACT 200 TAB | **CEFPODOXIM 200 mg** | 1 | 10 X 10 | 1959.25 | 2155.18 |
| 27 | DOXIL 500 CAP | Each Capsule Contains Cofadroxil 500mg | 100 | 10 X 10.9 | 1175.55 | 1293.1 |
| 28 | DOXIL DT 250 | **Each Dispersible Tablet Contains: Celadroxil 250 mg** | 100 | 10 X 1.9 | 666.15 | 732.76 |
| 29 | 1573276 LIX 500 CAPSULE | Each Capsule Contains: Cephalexin 500mg | 100 | 10 X 10's | 1567.4 | 1724.14 |
| 30 | LIX DRY SYRUP 60MI | **60 Each 5 ml LIX Dry Syrup contains**Cephalexin 125 mg | 1 | 1 X 120 | 86.21 | 94.83 |
| | | **FLUOROQUINOLINES** | | | | |
| 31 | OFLONONE 200 TAB | Each Film Coated Tablet Contains: Ofloxacin-200mg | 100 | 10 X 10 | 470.22 | 517.24 |
| 32 | OFLONONE 400 TAB | Each Film Coated Tablet Contains: Ofloxacin-400mg | 100 | 10 X 10 | 626.96 | 689.66 |
| 33 | PROF 500 TAB | Each Film Coated Tablet Conlains; Ciprofloxacin 500 mg | 100 | 10 X 10's | 626.96 | 689.66 |
| | | TETRACYCLINES | | | | |
| 34 | DOXAN Capsule | Each Capsule Contains: Doxycycline 10mg | 200 | 20 X 10's | 94.44 | 1034.49 |
| | | MACROLIDES | | | | |
| 35 | AZITAL SUSPENSION 30 MI | Suspension contains Azithromycin Dihydrate USP Equt to | - | 1 X 120 | 97.96 | 107.76 |
| 36 | AZITAL SUSPENSION 15 MI | Suspension contains Azithromycin Dihydrate USP Equt to | 1 | 1 X 200 | 50.94 | 56.04 |
| | | **VITAMINS I B-COMPLEXI SUPPLEMENTS** | | | | |
| 37 | MULTIVEES CAP | VITAMIN B-COMPLEX + 1 RON | 200 | 20 X 10's | 1097.18 | 1206.9 |
| 38 | BACAMIN TAB | METHYLCOBALAMIN 1500 mcgTablet | 1 | 10 X 10 | 1567.4 | 1724.14 |
| 39 | VITABIC FORTE CAP | VITAMIN B-COMPLEX | 200 | 20 X 10's | 940.44 | 1034.48 |
| 40 | VITBIC FORTE SYR 100ML | VITAMIN B COMPLEX FOLIC ACID | 1 | 1 X 144 | 66.61 | 73.28 |
| 41 | VITBIC FORTE SYR 200ML | VITAMIN B COMPLEX FOLIC ACID | 1 | 1 X 56 | 101.88 | 112.07 |
| | | TOPICALS (OINTMENT/ CREAM/ GEL) | | | | |
| 42 | BOROZINC Cream 10 gm | Each Tube Contains Boric Acid IP 1% W/W, Zinc Oxide IP 1% W/W, Tincture Calendula 4.5% W/W | 1 | 1X25 | 43.11 | 47.42 |
| 43 | POVIDONE IODINE Ointment 10 gm | Each Tube Of 10 gm Contains: Povidone Iodine 5% W/W | 1 | 1X25 | 47.03 | 51.73 |
| 44 | BETACIN-M 10 GM | Each 20 Gram Tube Contains: Betamethasone 0.12% W/W, Gentamycin as Sulphate 1% W/W, Miconazole 2% W/W | 1 | 1X25 | 78.37 | 86.21 |
| 45 | C-NIM GELL 30 GM | Each 25 gm Tube Contains: Nimesulide BP 1% W/W | 1 | 1x24 | 78.37 | 86.21 |
| 46 | C-NAC GEL 25 GM | Each Tube Contains: Linseed Oil BP 3 % W/W, Diciofenac Diethylamine BP 1.16% W/W, Methyl Salicylate IP 10% W/W | 25 GN | 1X24 | 78.37 | 86.21 |
| 47 | CLOSOL G CREAM 16 GM | Each 16 Gram Tube Contains: Clobetasole USP 0.05% W/W, Gentamycin as Sulphate 1% W/W | 1 | 1X25 | 66.62 | 73.28 |
| 48 | CLOSOL M CREAM 10 GM | Each 10 Gram Tube Contains: Clobetasole USP 0.05 % W/W, Miconazoie Nitrate 0.1% W/W | 1 | 1X25 | 39.18 | 43.11 |
| 49 | SISUL CREAM 10g | Each 10 gm Tube Contains: Silver Sulphadiazine IP 1% W/W, Chlorhexidine Gluconate 0.2% W/W | 1 | 1X25 | 43.11 | 47.42 |
| 50 | TRIAL CREAM 15 GM | Each Tube Contains: Clotrimazole USP 1% W/W | 1 | 1X25 | 47.03 | 51.73 |
| 51 | TRIAL BN CREAM 10 GM | Each Tube Contains: Beclomethasone Dipropionate 0.025% W/W, Neomycin 0.5% W/W | 1 | 1X25 | 54.86 | 60.35 |
| | | **COUGH SUPPRESANTS/ EXPECTORANTS** | | | | |
| 52 | CHEMIS EXPECTORANT | Each 5 ml contais: Ammonium Cholride 100 mg, Bromhexine 4 mg, Chlorpheniramine 2 mg | 1 | 1x144 | 78.37 | 86.21 |
| 53 | COSCORYL 100 ml | Each 5 ml contains: Ammonium Chloride 100 mg, Bromhexine 4 mg, Chlorpheniramine 2 mg | 1 | 1x144 | 62.7 | 66.97 |
| 54 | ANTITUS SYR 100 ML | Each 5 ml: Dextromethorphan 7.5 mg Pheniramine Maleate 7.5 mg, Phenylephrine 15 mg | 1 | 1X60 | 94.04 | 103.45 |
| 55 | ANTITUS SYR 50 ML | DO | 1 | 1X120 | 58.78 | 64.66 |
| | | **ANTICOLD/ COLD MANAGEMENT** | | | | |
| 56 | COLDCHEM SUSPENSION | Each 5 ml suspension contains Phenylephrine HCl 2.5 mg. Paracetamol 125 mg. Chlorpheniramine 1 mg | 1 | 1x168 | 35.27 | 38.79 |
| 57 | COLDCHEM TABLETS | Each Uncoated Tablet Contains Phenylephrine 10 mg, Paracetamol 500 mg. Chlorpheniramine 4 mg | 1 | 25x10'S | 587.78 | 646.56 |
| | | **ANTACID/ ANTI- ULCERANTS** | | | | |
| 58 | GASTRIC GEL | Each 5 ml suspension contains Aluminium Hydroxide 125. Magnesium Hydroxide 250 mg. Simethicone 50 mg, Sodium Alginale 35 mg | 1 | 1x84 | 86.21 | 94.83 |
| 59 | HILOC 150 TAB | Each Film Coated Tablet Contains Ranitidine HCl USP 150 mg | 500 | 20x50'S | 783.7 | 862.07 |
| 60 | PANTEX 20 TAB | Each Enteric Coated Tablet Contains: Pantoprazole 20 mg | 100 | 10x10'S | 470.22 | 517.25 |
| 61 | PANTEX 40 TAB | Each Enteric Coated Tablet Contains Pantoprazole 40 mg | 100 | 10x20 | 1253.92 | 1379.31 |
| 62 | Zolimep 40 | EACH ENTERIC COATED TABLET CONTAINS: ESOMAPRAZOLE MAGNESIUM T/H USP EQ TO ESOMAPRAZOLE 40 MG | 100 | 10X10 | 626.96 | 689.66 |
| 63 | OMIL 20 CAP | Each OMIL Capsule Contains: Omeprazole 20 mg | 100 | 10x40 | 1253.92 | 1379.31 |
| | | **APPETIZER & ENZYME** | | | | |
| 64 | HEPTAZYME SYR 200 ML | Each 5 ml syrup contains Fungal Diastase (1: 1200) IP 20 MG/ Pepsin (1:1500) IP 10 mg | 1 | 1x56 | 109.72 | 120.69 |
| 65 | CYPOTONE SYRUP 200 ML | Each 5 ml syrup contains: Cyproheptadine 2 mg | 1 | 1x56 | 101.88 | 112.07 |
| 66 | UDX 150 tab | Each Uncoated Tablet Contains: Ursodeoxycholic Acid BP 300 mg | 100 | 10x10 | 2351.1 | 2586.21 |
| 67 | UDX 300 tab | Each Uncoated Tablet Contains: Ursodeoxycholic Acid BP 300 mg | 100 | 10x10 | 3134.8 | 3448.28 |
| 68 | SER APEP TAB | Each Enteric Coated Tablet Contains Serratiopeptidse 10mg | 100 | 10 x 10 | 783.7 | 862.07 |
| | | **ANTIPOTOZOAL** | | | | |
| 69 | OGYL 400 TAB | Each Film Coated Tablet Contains Metronidazole 400mg | 200 | 20 x 10's | 626.96 | 689.66 |
| 70 | OGYL DF TAB | Each Film Coated Tablet Contains Metronidazole 400mg + Diloxanide 500mg | 200 | 20 x 10's | 1097.18 | 1206.9 |
| 71 | OGYL DF SUSP | Each 5 ml suspension Contains metronidazote 100mg+Diloxanife 125mg | 1 | 1 x 168 | 54.86 | 60.34 |
| | | ANTIEMETIC | | | | |
| 72 | OPRAM TAB | Each Uncoated Tablet contains metoclopramide 10mg | 200 | 20 x 10's | 313.48 | 344.83 |
| | | **ANTI-ALLERGIC /H1 ANTIHISTAMINIG** | | | | |
| 73 | ZIN 10TAB | Each Uncoated Tablet contains Cetinizine dihydrochloride BP 10mg | 200 | 10 x 2*10's | 47.22 | 517.25 |
| 74 | ZIN SYR 30ML | Each 5 Ml Contrains : cetirizine dihydrochlorlde BP5mg | 1 | 1 x 120 | 31.35 | 34.49 |
| | | ANTIFUNGAL | | | | |
| 75 | TACON CAPSULE | Each Capsule Contains : Itraconazole BP100mg (AS Pellet) | 1 | 10 x 14 | 1316.61 | 1448.28 |
| 76 | FLUCAP CAP CAPSULE | Each Capsule Contains : Fluconazole Capsule 150mg | 30 | 1 x 30's | 564.27 | 620.69 |

प्रभाव दैनिक





## 'गुन्यो चोलो' रिलिज स्थगित

फिल्म 'गुन्यो चोलो' आगामी कात्तिक ९ गतेबाट प्रदर्शनमा नआउने भएको छ । विशेष कारणले फिल्मको रिलिज स्थगित गर्नुपरेको निर्देशक समुन्द्र भट्टले जनाएकी छन् । उनले सामाजिक सञ्जालमा एक पोष्ट गर्दै केही कारणले तत्काललाई रिलिज स्थगित गर्नुपरेकोले चाँडै नयाँ प्रदर्शन मिति घोषणा गर्ने उल्लेख गरेकी छन् । अभिनेता नाजिर हुसेनले पारालैंगिक महिला (ट्रान्सवुमन) को भूमिकामा फिल्ममा अभिनय गरेका छन् । फिल्मको चरित्रका उनले लागि १५ केजी तौल घटाएका थिए ।

शनिबार १२, असोज २०८१ (Saturday, September 28, 2024)

# 'झिल्को'को फर्स्टलुक सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** फिल्म 'झिल्को : द स्पार्क' को फस्ट लुक सार्वजनिक भएको छ। शुक्रबार फिल्मको पहिलो पोस्टर सार्वजनिक गर्दै निर्देशक भट्टराईले आगामी पुस ५ गतेदेखि देशभर प्रदर्शन हुने बताए।

पोस्टरमा सुनिल पोखरेल, वर्षा सिवाकोटी, भोलाराज सापकोटा, विशाल पोखरेल र आयुषी ढकाल देखिएका छन् । मोबाइल दुर्व्यसनका कारण बालबालिकामा देखिने समस्या र त्यसले परिवार र समाजलाई पार्ने प्रभावबारे फिल्म बनेको संकेत पोस्टरले गरेको छ । फिल्म झिल्को : द स्पार्क आगामी पुस ५ गतेबाट देशभरि प्रदर्शन हुँदैछ । 'झिल्को' को पटकथा तथा संवाद निर्देशक भट्टराईसहि अरुणदेव जोशी र देवव्रतले तयार पारेका हुन् । फिल्ममा दीपक बज्राचार्यको छायांकन तथा चण्डीप्रसाद काफ्ले दीपक शर्माको संगीत रहेको छ। निमेश श्रेष्ठले सम्पादन गरेको फिल्मका निर्माता सुशीला आचार्य र रामगोपाल थापा हुन् भने कार्यकारी निर्माता उमेश पौडेल रहेका छन् ।

जनता प्रशारण तथा प्रकाशन प्रालिको निर्माण सहयोग रहेको फिल्मको मुख्य सहायक निर्देशन आकाश उखेडा र सहायक निर्देशक अनिश बुढाथोकीले गरेका हुन्। फिल्ममा आनन्द अधिकारीको गीत र शिव परियार तथा निशा देशारको स्वर रहेको छ । दिलिप पन्त निर्माण नियन्त्रक, सहसम्पादन नारायण गैरे, मुख्य सहायक छायांकन विवेक लामा रहेकोमा पोस्टर डिजाइन आइडियलले गरेको छ । फिल्मको नेपाल वितरक डीएसएन नेपाल र अमेरिका तथा क्यानडा वितरकको जिम्मा इपिक इन्टरटेन्मेन्टलाई दिइएको निर्माण टिमले जनाएको छ ।

# 'मिस एण्ड मिसेज हेरिटेज इन्टरनेसनल नेपाल'मा १५ प्रतियोगी



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस एण्ड मिसेज हेरिटेज इन्टरनेशनल नेपाल २०२४'को अन्तिम प्रतिस्पर्धामा १५ प्रतियोगी भिड्ने भएका छन्। आयोजक ग्रिन आर्टस मिडिया प्राल्लीले विश्व सम्पदा सूचीमा परेको नेपालको वसन्तपुरमा प्रतियोगी सार्वजनिक गरेको हो। सो क्रममा प्रतियोगीले वसन्तपुर क्षेत्र र त्यहाँ रहेका हेरिटेजहरूको अवलोकन गर्दै त्यसको बारेमा जानकारी लिएका थिए।

'मिस एण्ड मिसेज हेरिटेज इन्टरनेशनल नेपाल २०२४' युनेस्कोको ऐतिहासिक र महत्त्वपूर्ण सम्पदा सूचिमा परेका विश्वका विभिन्न मुलुकका सम्पदा र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धनका लागि प्रारम्भ गरेको ई-प्लानेटद्धारा सञ्चालित अन्तर्राष्ट्रिय प्रतियोगिता 'हेरिटेज इन्टरनेशनल'का लागि प्रतिनिधित्व छान्ने उद्देश्यले आयोजना हुँदै आएको प्रतियोगिता हो।

प्रतियोगीताका विजेताले विश्वका धेरै मूलकको सहभागिता रहने 'हेरिटेज इन्टरनेशनल'मा नेपालको कला, संस्कृति, सम्पदा, पर्यटन, वातावरण चिनाउनुको अलवा स्वदेशमा भित्र कला, संस्कृति, सम्पदा, पर्यटन, वातावरण र शान्तिका लागि काम गर्नेछन्।


प्रतियोगिताको फाइनल प्रतिस्पर्धा आगामी १६ गते बुधबार राजधानीमा एक भव्य कार्यक्रमका बिच हुँदैछ। आयोजक ग्रिनआर्ट मिडियाले सबै प्रतियोगीलाई व्यक्तित्व, सञ्चार कला, आत्मविश्वास, प्रतिभा, बौद्धिकता, क्षमता विकास, प्रभावकारिता र स्टेज प्रस्तुति लगायत उपयोगिता र प्रभावकारी प्रशिक्षणसहित फाइनमा प्रतिस्पर्धामा उतार्ने ग्रुमिङ कोरियोग्राफर तथा पेजेन्ट कोच अनिला श्रेष्ठले बताइन्।

प्रतियोगितामा मिस र मिसेज गरेर दुई विजेता छानिनेछन्। जसले थाइल्याण्डको बैंककमा नोभेम्बर २४ मा आयोजना हुने अन्तर्राष्ट्रिय प्रतियोगिता 'मिस एण्ड मिसेज हेरिटेज इन्टरनेशनल २०२४' मा नेपालको प्रतिनिधित्व गर्नेछन्। केही शीर्षकमा उपविजेता समेत समेत छानिने प्रतियोगितामा विजेताले विभिन्न गिफ्ट तथा अवसर उपहारका रूपमा समेत प्राप्त गर्न सक्नेछन्। यस अगाडि नेपालबाट 'मिस एण्ड मिसेज हेरिटेज इन्टरनेशनल'मा मन्जु बन्जारा ढकाल, आश्रा कुवर, श्रिजना पुन, दुर्गा बिसुराल, अदीति श्रेष्ठ, परिन्दा परि श्रेष्ठ, परिसा रानाभाट, लिलि सुवाल, आज्मा महर्जन लगायत सहभागी भएका थिए।

# लण्डन फिल्म फेस्टिभलमा प्रिमियर हुँदै 'शाम्बाला'

**काठमाडौं (प्रस)–** नेपाली फिल्म 'शाम्बाला' लण्डन फिल्म फेस्टिभलको ६८ औं संस्करणमा प्रिमियर हुने भएको छ । बेलायतको यो प्रतिष्ठित फेस्टिभलमा प्रिमियर हुने 'शाम्बाला' पहिलो नेपाली फिल्म समेत हुनेछ । असोज २९ र ३० गते (१५ र १६ अक्टोबर) मा यो फिल्मको स्क्रिनिङ हुन लागेको फेस्टिभलले जनाएको छ । जसमध्ये ३० गते बुधबारको शोका सबै टिकट बिक्री भइसकेका छन् ।

फेस्टिभलको यस वर्षको संस्करण अक्टोबर ९ देखि २० सम्म हुनेछ । यसबाहेक 'शाम्बाला'ले बर्लिनको यस वर्षको संस्करणमा ३० वर्षपछि मुख्य विधामा छनोट हुने दक्षिण एसियाली फिल्मको रेकर्ड राखेको थियो । यसबाहेक यो फिल्म स्वीट्जरल्याण्डको लोकार्नो फिल्म फेस्टिभलमा समेत स्क्रिनिङ भएको थियो । मीनबहादुर भाम निर्देशित फिल्म 'शाम्बाला' यतिबेला नेपालका हलमा प्रदर्शन भैरहेको छ । फिल्मले दोस्रो सप्ताहन्तसम्म २ करोड रूपैयाँ हाराहारीमा कमाइ गरेको जनाइएको छ ।





**एएफसी यू-२०:**

# बहराइनसँग हारेसँगै नेपाल एसियन कपमा छनोट हुन असफल

■ प्रभाव संवाददाता



**काठमाडौं** – एएफसी यू-२० एशियन कप छनौटमा नेपाल बहराइनसँग पराजित भएको छ । न्यू ताइपेइ सिटीस्थित, फू जेन क्याथोलिक युनिर्भसिटी स्टेडियममा सम्पन्न खेलमा नेपाल बहराइनसँग ४-० ले पराजित भएको हो ।

यो हारपछि नेपालको एशियन कपमा छनौटको सम्भावना सकिएको छ । नेपालले यसअघि नेपालले पहिलो खेलमा कम्बोडियासँग ४-१ गोलको हार बेहोरेको थियो भने दोस्रो खेलमा नेपालले चाइनिज ताइपेइमाथि ३-१ गोलको जित हात पारेको थियो । त्यस्तै तेस्रो खेलमा नेपाल उज्वेकिस्तानसँग ६-० ले पराजित भएको थियो । त्यस्तै बहराइनको यो जितपछि ३ खेलमा ६ अंक भएको छ र समुह बी मा तेस्रो स्थानमा रहेको छ ।

# मुकेश र पूर्णलक्ष्मी भए दौडमा पहिलो

**काठमाडौं (प्रस)–** मुकेशबहादुर पाल र पुर्णलक्ष्मी न्यौपाने खुला पाँच किलोमिटर दौडमा शुक्रबार पहिलो भएका छन्। मुकेश पुरुष तथा पुर्णलक्ष्मी महिलामा पहिलो भए । विश्व पर्यटन दिवसका अवसरमा रोटरी क्लब अफे यल, पाटनद्वारा आयोजित दौडमा मुकेशले निर्धारित दूरी १५ मिनेट १२.७५ सेकेन्डमा पूरा गरे ।

१५ मिनेट १५.०२ सेकेन्ड समयमा सञ्जय श्रेष्ठ दोश्रो तथा १५ मिनेट ३०.८७ सेकेन्ड समयमा सन्जिव नेपाली तेश्रो भए । रत्नबहादुर खत्री चौथो, मिङमारसिंह तामाङ पाँचौं, धीरबहादुर बुढा छैटौं, सागर बुढाथोकी सातौं, सञ्जय राई आठौं, रणबहादुर रोका मगर नवौं र कर्णबहादुर रोका मगर दसौं स्थानमा रहे । सन्जिव एपीएफ तथा मिङमार सिन्धुपाल्चोकका हुन् भने बाँकी सबै नेपाल आर्मीका हुन् ।

एथलेटिक्स परिवार, नेपालको प्राविधिक सहयोग तथा व्यवस्थापनमा भएको दौडमा पुर्णलक्ष्मीले १८ मिनेट १८.३८ सेकेन्डमा दूरी तय गरिन् । निर्मला केसी १८ मिनेट २०.६४ सेकेन्ड समयमा दोश्रो तथा सिर्जना पाण्डे १८ मिनेट २९.४५ सेकेन्ड समयमा तेश्रो बने । शीर्ष तीन स्थान हात पार्ने खेलाडी आर्मीका हुन् । नेपाल प्रहरीकी सुमित्रा चौधरी, एपीएफकी आशा रावत, सोलुखुम्बुकी सुशान्त कार्की, स्वयम्भूकी सोनु घटानी, निला जिमी, ललितपुरकी मन्जु सुनुवार र सुन्दरीजलकी सम्झना राईले क्रमशः चौथोदेखि दसौं स्थानमा दौड टुंगाए ।

पुरुष/महिला दुवैमा शीर्ष चौथो स्थानमा रहनेले क्रमशः १२ हजार, ८ हजार, ५ हजार र २ हजार नगद पुरस्कार पाए । पाँचौंदेखि दसौं स्थानलाई प्रोत्साहन स्वरूप समान १-१ हजार नगद पुरस्कार प्रदान गरियो ।

# नेपाल, क्यानडा र ओमानबीचको त्रिकोणात्मक टी-२० सिरिज आजदेखि

■ प्रभाव संवाददाता





**काठमाडौं–** नेपालले क्यानडा र ओमानसँग त्रिकोणात्मक टी-२० सिरिज खेल्ने भएको छ । आइसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गतको सिरिज समाप्त भएपछि नेपाल, क्यानडा र ओमानले त्रिकोणात्मक टी-२० सिरिज भोली देखि खेल्न लागेका हुन् ।

शनिबार हुने पहिलो खेल नेपाल र क्यानडाबीच हुने छ । त्यस्तै आइतबार नेपाल र ओमानबीच, सोमबार ओमान र क्यानडाबीच, मंगलबार नेपाल र क्यानडाबीच, बुधबार नेपाल र ओमानबीच तथा विहिबार क्यानडा र ओमानबीच खेल हुने छन् । क्यानडाको ओन्टारियोस्थित किंग सिटी स्टेडियममा हुने यी खेलहरू नेपाली समय अनुसार राति ९:४५ बजेदेखि शुरु हुने छन् ।

# घरेलु प्रतियोगिताको संरचनालाई बलियो बनाउनूस् : *सदस्यसचिव घिसिङ*

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङले नेपाल क्रिकेट संघ (क्यान) लाई घरेलु प्रतियोगिताका संरचनालाई बलियो बनाउनु पर्ने सुझाव दिएका छन्। क्यानको शुक्रबारदेखि पोखरामा सुरु भएको साधारण सभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै सदस्य-सचिव घिसिङले सो कुरा बताएका हुन्।

'युवा तथा उमेर समुहका खेलाडीहरूको उत्पादनमा क्यानले विशेष ध्यान दिने छ भन्ने विश्वास छ । उमेरसमूहका कार्यक्रम लक्षित गरी नेपालले १० वर्षको अन्तरालमा होइन, हरेक विश्वकप नेपालको उपस्थिति हुने वातावरण बनाउन आवश्यक छ,' सदस्यसचिव घिसिङले भने, 'यस्ता खेलाडी उत्पादन गर्नुस् जसले अहिलेका स्टार खेलाडीहरूलाई समेत झस्काउन सकुन् । घरेलु क्रिकेटको संरचना उत्कृष्ट खेलाडी उत्पादनमा समेत निर्भर हुने भएकाले यसमा जोड दिनु पर्छ । क्रिकेट खेलको विकासका लागि साधारण सभाले महत्वपूर्ण बाटो तय गर्ने विश्वास छ ।'

सदस्यसचिव घिसिङले नेपाली क्रिकेटको विकासका लागि आफ्नो कार्यकालमा सक्दो सहयोग गरेको स्मरण गर्दै भने, 'जिल्ला संघ विस्तारमा सघाएका छौं । विश्वकप क्रिकेटको तयारीका लागि बजेट विनियोजन गरेका थियौं । राष्ट्रिय गौरवका रूपमा क्रिकेट रंगशाला निर्माणका लागि पहल गर्दै सो कार्यलाई घनीभुत रूपमा अगाडि बढाएका छौं ।'



पूर्वी चीनको शानडोङ प्रान्तस्थित किंगभ्फोउमा रहेको टायरको स्टिल उत्पादन गर्ने एउटा कारखानामा काम गर्दै एक महिला कर्मचारी ।
*तस्बिरः एएफपी*

# पूर्वरक्षामन्त्री इशिबा जापानको प्रधानमन्त्री बन्ने

**टोक्यो–** सत्तारूढ पार्टीको नेतृत्वका लागि भएको मतदानमा विजयी भएपछि पूर्वरक्षामन्त्री शिगेरु इशिबा जापानको आगामी प्रधानमन्त्री बन्ने आधिकारिक मतगणनाले देखाएको छ ।

६७ वर्षीय रेलप्रेमी इशिबाले मुलुकको पहिलो महिला नेता बन्ने दौडमा रहेकी कट्टर राष्ट्रवादी सनाए ताकाइचीलाई १९४ विरुद्ध २१५ मत ल्याएर पराजित गरे ।



टोक्योमा लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) को मुख्यालयमा आफ्नो विजय घोषणा भएपछि इशिबाले मुस्कुराउँदै आफ्नो चस्मा फुकालेर आँसुले भरिएका आँखा पुछे र आफ्ना सहयोगीहरूले बधाई दिँदा बारम्बार शिर झुकाए ।

'म जनतामा विश्वास गर्न, साहस र इमान्दारीका साथ सत्य बोल्न र यस मुलुकलाई पुनः एकपटक सबैजना मुस्कानसहित बस्नसक्ने सुरक्षित स्थान बनाउन पूरा कोसिस गर्ने छु,' आफ्नो संक्षिप्त सम्बोधनमा उनले भने । इशिबा पहिले पनि शीर्ष पदको नजिक पुगेका थिए । सन् २०१२ मा उनी राष्ट्रवादी शिन्जो अबेसँग पराजित भएका थिए । अबे जापानको सबैभन्दा लामो समयसम्म सेवा गर्ने नेता हुन् र पछि उनको हत्या गरिएको थियो ।

जापानमा एलडिपीले दशकौंदेखि करिब निरन्तर शासन गरेको छ र बहुमत कायम राखेको छ । यसको अर्थ इशिबालाई मंगलबारसम्म संसद्ले प्रधानमन्त्री चुन्ने छ । सन् १९७० को दशकमा पप आइडलहरूप्रति झुकाव राख्ने सैन्य मोडल निर्माता इशिबाले कृषि सुधारजस्ता कठिन मुद्दाहरू सम्हाल्ने आफ्नो अनुभवले आफूलाई यो पदका लागि योग्य बनाएको बताएका छन् । *रासस/एएफपी*

# पर्यटकलाई आकर्षित गर्न पुरानो भिसा प्रणालीमा फर्किंदै श्रीलंका

**कोलम्बो–** मुलुकको सर्वोच्च अदालतले भिसा प्रशोधन विदेशी कन्सोर्टियमलाई आउटसोर्स गर्ने विवादास्पद करोडौं डलरको सम्झौतालाई निलम्बन गरेपछि श्रीलंकाले पर्यटनलाई प्रोत्साहन गर्न अनलाइन भिसा आवेदन प्लेटफर्म पुनःस्थापना गरेको छ ।

मुलुकको अर्थतन्त्र सन् २०२२ को वित्तीय संकटबाट विस्तारै बाहिर निस्कँदै गर्दा यो कदम मुलुकको पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न लक्षित रहेको नवनिर्वाचित राष्ट्रपति अनुरा कुमारा दिसानायकेको सरकारले बिहीबार राति बताएको थियो । पर्यटकहरूले अब भारतस्थित भिएफएस ग्लोबलले लिने २५ डलर शुल्क नतिरी अनलाइन भिसाका लागि आवेदन दिनसक्ने छन् । भिएफएस ग्लोबलले अप्रिलमा अघिल्लो सरकारबाट आउटसोर्सिङ सम्झौता हात पारेको थियो ।





अधिकारकर्मीहरूले अदालतमा सम्झौता पारदर्शी तरिकाले प्रदान नगरिएको आरोप लगाउँदै कन्सोर्टियमले १६ वर्षको अवधिमा दुई अर्ब ७५ करोड डलरसम्म कमाउनसक्ने बताए । अगस्टमा श्रीलंकाको सर्वोच्च अदालतले अध्यागमन अधिकारीहरूलाई भिएफएसलाई प्रदान गर्नुअघि प्रयोग गरिएको उक्त अनलाइन प्लेटफर्ममा फर्कन आदेश दिएको थियो । राष्ट्रपति दिसानायकेको कार्यालयले बिहीबार वक्तव्यमा भनेको छ, 'भिएफएस ग्लोबलले प्रदान गरेको भिसा सुविधाले धेरै मानिसलाई उल्लेखनीय कठिनाइ निम्त्याएको छ ।' साथै विदेशीहरूले भिसा प्राप्त गर्न चुनौतीको सामना गर्नुपरेको पनि कार्यालयले बताएको छ ।

सर्वोच्च अदालतको फैसलाको निर्णय पालना नगरेको आरोपमा बुधबार अध्यागमन प्रमुख हर्ष इलुकपिटियालाई पक्राउ गरिएको थियो । इलुकपिटिकियाले अप्रिलदेखि भिसा आवेदन प्रशोधन गर्न भारतको जिबिएस टेक्नोलोजी सर्भिस र आइभिएस ग्लोबल एफजेडसिओका साथैभिएफएसग्लोबललाईसाझेदारका रूपमा करोडौं डलरको सम्झौता गरेका थिए ।

'हामीले भिएफएस ग्लोबससँग सम्बन्धित अनियमतिताहरूको अनुसन्धान गर्न तत्काल फरेन्सिक लेखापरीक्षण सुरु गरेका छौं,' राष्ट्रपति कार्यालयले बिहीबार भनेको छ, 'कुनै पनि विसंगति फेला परे कानुनी कारबाही गरिने छ ।'

आउटसोर्सिङ सम्झौताअन्तर्गत श्रीलंकामा प्रवेश गर्ने कुनै पनि विदेशीले २५ डलर भिसा प्रशोधन शुल्क भुक्तानी गर्नुपर्थ्यो । यहाँसम्म कि श्रीलंकाका साथै भिसा-मुक्त भ्रमणको व्यवस्था भएका मुलुकका नागरिकले पनि त्यति शुल्क तिर्नुपर्थ्यो । केन्द्रीय बैंकको तथ्यांकअनुसार यस वर्षको पहिलो सात महिनामा करिब ११ लाख ९० हजार पर्यटक श्रीलंका आएका छन् । यो सन् २०२३ को सोही अवधिको तुलनामा ५६ प्रतिशतले बढी हो । *रासस/एएफपी*

# पाकिस्तानमा साम्प्रदायिक द्वन्द्व, ३७ जनाको मृत्यु

**पेशावर–** पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा जारी साम्प्रदायिक झडपमा परी मृत्यु हुनेको संख्या ३७ पुगेको स्थानीय अधिकारीले शुक्रबार जानकारी दिएका छन् । झडपका घटनामा १५० भन्दा बढी घाइते भएका छन् । पहिले अर्धस्वायत्त क्षेत्र रहेको कुर्रम जिल्लामा इस्लामको सुन्नी र शिया सम्प्रदायसँग सम्बन्धित जनजातिबीच रक्तपातपूर्ण मुठभेड हुनेगरेको छ । यहाँ वर्षौंदेखिको जातीय लडाइँका कारण सयौंले ज्यान गुमाएका छन् ।

जुलाईमा भएको झडपमा ३५ जनाको मृत्यु भएको थियो र जिरगा (आदिवासी संगठन) ले युद्धविरामको आह्वान गरेपछि मात्र समाप्त भएको थियो । कुर्रममा तैनाथ एक अधिकारीले नाम नबताउने सर्तमा एएफपीलाई बताएअनुसार सुरक्षा बल र स्थानीयले सहमतिका लागि गरेको प्रयासका बावजुद जिल्लाका १० क्षेत्रमा सशस्त्र भिडन्त जारी छ ।

उनले भने, 'भूमि विवादको रूपमा सुरु भएको घटना पूर्णसाम्प्रदायिक झडपमा परिणत भएको छ जसमा स्वचालित र अर्धस्वचालित हतियारका साथै मोर्टारको प्रयोग पनि भएको छ ।' उनका अनुसार ३७ जनाको मृत्यु भएको छ भने १५३ जना घाइते भएका छन् । प्रान्तीय राजधानी पेशावरमा तैनाथ सुरक्षा अधिकारीले झडपका क्रममा २८ घरमा क्षति पुगेको बताए । पाकिस्तानमा आदिवासी र पारिवारिक कलहका घटनामा हरेक वर्ष सयौंको संख्यामा नागरिकले ज्यान गुमाउने गरेका छन् । तथापि, खैबर पख्तुनख्वाको पहाडी उत्तरपश्चिमी क्षेत्रमा जातीय द्वन्द्व विशेषगरी लामो र हिंस्रक हुने गर्छन् । यहाँ समुदायहरूले परम्परागत आदिवासीका स्थानीय नियम र कानुनलाई पालना गर्छन् । *रासस/एएफपी*

# भारतमा सात वर्षीय बालकलाई बलि दिइयो

**लखनऊ (भारत)–** एउटा सार्वजनिक विद्यालयमा सौभाग्य ल्याउने उद्देश्यले गरिएको कथित अनुष्ठान बलिमा एक सात वर्षीय बालकको हत्या गरेको आरोपमा पाँच जनालाई पक्राउ गरिएको प्रहरीले शुक्रबार जनाएको छ । प्रसिद्ध ताजमहल नजिकैको हाथरस सहरमा रहेको छात्रावासमा आफ्नै ओछ्यानमा पीडित बालकलाई आइतबार राति मृत फेला पारिएको थियो ।

अधिकारीहरूलाई सूचित गर्नुको सट्टा विद्यालयका निर्देशक दिनेश बघेलले शवलाई आफ्नो कारको डिक्कीमा लुकाएर राखेको प्रहरीले बताएको छ । प्रहरी अधिकारी हिमांशु माथुरले बघेलका पिताले आयोजना गरेको कालो जादू (तान्त्रिक विधि) समारोहअघि नै बालकको हत्या गरिएको बताए । 'बालकलाई अनुष्ठानको हिस्साका रूपमा वेदीमा लैजाने योजना थियो तर समारोह पूरा हुनुभन्दा अघि नै उनलाई मारियो,' उनले भने ।

माथुरका अनुसार बघेल र उनका पितासहित विद्यालयका अन्य तीन शिक्षकलाई पक्राउ गरिएको छ । बालकको मृत्यु कसरी भयो भन्नेबारे माथुरले कुनै जानकारी दिएनन् । स्थानीय सञ्चारमाध्यमहरूले शवको परीक्षण भइरहेको बताएका छन् ।

भारतको राष्ट्रिय अपराध रेकर्ड ब्युरोका अनुसार सन् २०१४ देखि सन् २०२१ को बीचमा मुलुकभर १०३ वटा मानव बलिका घटना दर्ता भएका छन् । अनुष्ठानमा गरिने हत्याहरू सामान्यतया देवताहरूलाई प्रसन्न पार्न गरिन्छ । बोक्सी र गुप्त विद्यामा विश्वास व्यापक भएको आदिवासी तथा दुर्गम क्षेत्रहरूमा मानव बलि बढी प्रचलित छ ।

गत वर्ष प्रहरीले सन् २०१९ मा ६४ वर्षीया महिलाको हत्याको आरोपमा पाँच जनालाई पक्राउ गरेको थियो । ती महिलाको भारतको सुदूर उत्तर पूर्वी क्षेत्रमा एक मन्दिरमा गएपछि हत्या गरिएको थियो र टाउको छिनालिएको थियो । प्रहरीका अनुसार आरोपित मुख्य व्यक्तिले आफ्नो भाइको मृत्युको वार्षिकोत्सव मनाउन धार्मिक अनुष्ठान गरिरहेको थियो । *रासस/एएफपी*

# बैंकहरूले रिजर्भमा राख्नुपर्ने रकम घटाएर ऋण प्रवाहलाई बढावा दिँदै चीन

**बेइजिङ–** चीनले शुक्रबार बैंकहरूले रिजर्भमा राख्नुपर्ने राशिमा कटौती गर्दै वित्तीय बजारमा करिब एक खर्ब ४२ अर्ब ६० करोड डलर तरलता प्रवाह गरेर आफ्नो कमजोर अर्थतन्त्रलाई बढावा दिने प्रयास गरेको छ । चीनको केन्द्रीय बैंकले घोषणा गरेको यो कदम राष्ट्रपति सी चिनफिङसहित शीर्ष अधिकारीहरूले विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा 'नयाँ समस्याहरू' भएको स्वीकार गरेको एक दिनपछि आएको हो ।

बेइजिङले यो साता आफ्नो कमजोर अर्थतन्त्रलाई बढावा दिन विभिन्न उपाय घोषणा गरेको छ । यसका लागि उसले यस वर्ष पाँच प्रतिशतको वृद्धिको लक्ष्य राखेको छ । विश्लेषकहरूले धेरै प्रतिकूल परिस्थितिहरूलाई हेर्दा यो लक्ष्य अत्यन्त आशावादी भएको बताएका छन् । सत्तारूढ कम्युनिस्ट पार्टीले बिहीबार 'वर्तमान आर्थिक स्थितिको विश्लेषण र अध्ययन' गर्न आफ्नो शीर्ष निकाय पोलिटब्युरोको बैठक बोलायो ।

बेइजिङले शुक्रबार सात दिने रिभर्स रेपो दरमा पनि कटौती गर्‍यो । यो व्यापारिक ऋणदाताहरूबाट लिइने ऋणमा केन्द्रीय बैंकले तिर्ने अल्पकालीन ब्याज हो । केन्द्रीय बैंकले प्रमुख दरलाई १.७ प्रतिशतबाट घटाएर १.५ प्रतिशत बनाएको घोषणा गर्‍यो ।





रियल स्टेट क्षेत्रमा लामो समयदेखि चलिरहेको ऋण संकट, सुस्त घरेलु उपभोग र उच्च युवा बेरोजगारीका कारण चीनमा विकासमा गिरावट आइरहेको छ । 'अर्थतन्त्रको विद्यमान अवस्थामा केही नयाँ परिस्थिति र समस्या देखापरेका छन्,' सिन्ह्वा समाचार समितिले बिहीबारको पोलिटब्युरो बैठकपछि भनेको छ, 'हामीले वर्तमान आर्थिक अवस्थालाई व्यापक, वस्तुनिष्ठ र शान्तरूपमा हेर्नुपर्छ, कठिनाइहरूको सामना गर्नुपर्छ र आत्मविश्वास बढाउनुपर्छ ।'

पोलिटब्युरोका सदस्यहरूले अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने उद्देश्यले 'नीतिगत उपायहरूको केन्द्रीयता र प्रभावकारितामा थप सुधार गर्न' आवश्यक रहेको कुरामा सहमति जनाए । प्रमुख दर कटौती र आवास खरिदलाई प्रोत्साहित गर्ने नीतिहरू समावेशसहितका बेइजिङले घोषणा गरेका विभिन्न उपायलाई लगानीकर्ताहरूले स्वागत गरेका छन् । सांघाई र हङकङका सेयरहरूमा यस साता हालसम्म नौ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ ।

विश्लेषकहरूले नेताहरूले पाँच प्रतिशत वृद्धि लक्ष्य हासिल गर्न अझै धेरै काम गर्नुपर्ने आवश्यकता रहेको तर हालैका घोषणाहरूले उनीहरू अझै साहसी कदमहरू चाल्न तयार हुँदै गएको हुनसक्ने बताएका छन् । 'बेइजिङ अन्ततः आफ्नो बाजुका प्रोत्साहन कार्यक्रम सुरु गर्न दृढ देखिन्छ,' नोमुराका प्रमुख चीन अर्थशास्त्री टिङ लूले भने, 'अर्थतन्त्रको गम्भीर स्थितिको बेइजिङको स्वीकारोक्ति र टुक्रामा विभक्त दृष्टिकोणमा सफलता नभएको कुरालाई बजारले महत्त्व दिनुपर्छ ।'

यसैबीच अधिकारीहरूले मुलुकका ठूला सरकारी बैंकहरूमा एक खर्ब ४० अर्ब डलरभन्दा बढी लगानी गर्नेबारे विचार गरिरहेको ब्लुमबर्गले बताएको छ । सन् २००८ को विश्वव्यापी आर्थिक संकटपछि यस प्रकारको पहिलो ठूलो पुँजी लगानी हुने छ । व्यवसायहरूलाई ऋण दिन बैंकहरूलाई अझ बढी क्षमता प्रदान गर्ने उद्देश्यसहितको यो उपाय विशेषगरी 'नयाँ विशेष सार्वभौम बण्ड' जारी गरेर कार्यान्वयन गरिने बताइएको छ । यद्यपि विवरणलाई अहिलेसम्म अन्तिम रूप दिइएको छैन । *रासस/एएफपी*

# ट्रम्प र स्टार्मरबीच न्युयोर्कमा दुई घन्टाको डिनर भेट

**लन्डन–** बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले न्युयोर्कमा डोनाल्ड ट्रम्पसँग दुई घन्टाको डिनर भेट गरेको सञ्चारमाध्यमहरूले शुक्रबार बताएका छन् । बेलायतका नयाँ प्रधानमन्त्री र अमेरिकाका पूर्वराष्ट्रपतिबीचको यो पहिलो भेट थियो ।

बिबिसी, द गार्जियन र द डेली मेलका अनुसार नोभेम्बरको अमरिकी निर्वाचनमा रिपब्लिकन उम्मेदवार ट्रम्पले बिहीबार ट्रम्प टावरमा लेबर पार्टीका नेता स्टार्मरलाई आतिथ्यता गरेका थिए । 'मलाई वास्तवमै उहाँ राम्रो लाग्छ, उहाँले ठूलो दौड तय गर्नुभएको छ, उहाँले अत्यन्त राम्रो प्रदर्शन गर्नुभएको छ, यो धेरै राम्रो सुरुआत हो, उहाँ धेरै लोकप्रिय हुनुहुन्छ,' भेटघाटअघि ट्रम्पले पत्रकारहरूलाई भने ।

स्टार्मरले जुलाईमा बेलायतको आमनिर्वाचनमा १४ वर्षपछि कन्जरभेटिभहरूलाई सत्ताबाट हटाउँदै भारी मतले निर्वाचन जितेका थिए । स्टार्मरले अमेरिकी निर्वाचनका दुवै उम्मेदवारसँग भेट्नु आफ्ना लागि महत्त्वपूर्ण भएको तर 'अति व्यस्त कार्यतालिका' का कारण उपराष्ट्रपति एवं डेमोक्रेटिक उम्मेदवार कमला ह्यारिससँग भेटघाट तय गर्न सम्भव नभएको बताए । 'हामीलाई अहिले ट्रम्पसँग भेट्ने अवसर छ, यो राम्रो कुरा हो,' उनले भने । ट्रम्प र स्टार्मरसँग विगतमा ट्रम्पका बारेमा कडा टिप्पणीहरू गरेका बेलायतका विदेशमन्त्री डेभिड लामी पनि सहभागी थिए । सन् २०१८ मा लामीले ट्रम्पलाई 'महिलालाई घृणा गर्ने, नवनाजी समर्थक समाजविरोधी' भनेका थिए ।

यद्यपि लामी यस वर्षको प्रारम्भमा बढी कूटनीतिक भएका थिए । उनले एउटा सम्बोधनमा ट्रम्पको 'युरोपेली सुरक्षाप्रतिको दृष्टिकोणलाई प्रायः गलत बुझिएको' बताएका थिए । बेलायती प्रधानमन्त्री स्टार्मरले निर्वाचनमा तटस्थ दृष्टिकोण अपनाएका छन् । यद्यपि विश्लेषकहरूले विशेषगरी नाटो र युक्रेनप्रति ट्रम्पको समर्थनमा आशंका रहेकाले उनको राष्ट्रपतित्वले कठिनाइ सिर्जना गर्नसक्ने बताएका छन् । स्टार्मर राष्ट्रसंघीय महासभामा भाग लिन न्युयोर्कमा पुगेका हुन् । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६१२०० | प्रति तोला - ० | प्रति तोला - १९५५ |



**निर्माणाधीन सुरुङ** | **तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामा नदी फर्काउन बनाइएको सुरुङ ।** *तस्बिरः कृष्ण न्यौपाने/रासस*

# ‘नेपालको अर्थतन्त्र सुधार गर्न पर्यटन क्षेत्रको महत्त्वपूर्ण योगदान’

■ **दिपा सुनुवार**

**काठमाडौं-** ‘पर्यटन र शान्ति’ भन्ने मूल नाराका साथ ४५ औं विश्व पर्यटन दिवसको अवसरमा पर्यटन क्षेत्रका विभिन्न विधामा उत्कृष्ट योगदान गर्ने व्यक्ति तथा संस्थालाई २५ विधामा सम्मान गरेको छ। शुक्रबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा आयोजित कार्यक्रममा कार्यवाहक प्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहमार्फत पर्यटन क्षेत्रमा योगदान पुऱ्याइरहेका व्यक्ति तथा संस्थालाई सम्मान गरेको हो ।

कार्यक्रममा सिंहले नेपालको अर्थतन्त्रलाई सुधार गर्न पर्यटन क्षेत्रको योगदान महत्वपूर्ण रहेको र नेपालको अर्थतन्त्रमा पुऱ्याइरहेको योगदानको प्रशंसा गरेका छन् । यद्यपि यो योगदान सन्तोषजनक भने नरहेको सिंहको भनाई छ । कावा प्रधानमन्त्री सिंहले नेपाल साहसिक पर्यटन, ट्रेकिङ, हिमाल आरोहण, स्काई ड्राइभिङका लागि आकर्षक गन्तव्य बन्दै गइरहेकोमा के गर्दा राम्रो हुन्छ ? त्यसमा लाग्नुपर्ने सुझाए ।

यसैगरी पर्यटन मन्त्रालयबाट सम्मानित हुने अन्य व्यक्ति तथा संस्थाहरू पनि सम्मानित भएका छन् । पर्यटन मन्त्रालयबाट सम्मानित हुनेमा लामो समयदेखि कपीरेट नेपालमा पर्यटन पत्रकारितामा कलम चलाउँदै आएकी फुर्पा शेर्पालाई सम्मानित भएकी छन् ।

ट्रेकिङ एजेन्सीहरूतर्फबाट हिमालयन इन्काउन्टर्स प्रा.लि., ट्राभल एण्ड टुर्सहरूतर्फबाट सीता वर्ल्ड ट्राभल नेपाल प्रा.लि., होटल तथा रिसोर्टतर्फ एभरेष्ट हस्पिटालिटि लि., साहसिक खेलतर्फ हिमालयन स्काइड्राइभ प्रा.लि., एयरलाइन्स कम्पनीतर्फ नेपाल वायुसेवा निगम छन् ।

त्यस्तै, कुटनीतिक नियोगतर्फ नेपालस्थित अमेरिकी दूतावास, सिन्तामणि रिसोर्ट, मुस्ताङ होटल तथा रिसोर्ट, स्वगीय होटल व्यवसायी श्यामबहादुर



पाण्डे (मरणीपरान्त), ट्रेकिङ, होटल तथा सम्पदा संरक्षणतर्फ स्वगीय अम्बिका श्रेष्ठ (मरणीपरान्त), होटल एशोसियसन नेपाल (हान)का अध्यक्ष विनायक शाह, नेपाल एशोसियन अफ राफ्टिङ एजेन्सिज (नार ा)का अध्यक्ष शिव अधिकारी रहेका छन् । यसैगरी महिला पर्वतारोहण क्षेत्रबाट निमा रिन्जी शेर्पा, फुन्जो झाङ्मु लामा, पूर्णिमा श्रेष्ठ रहेका छन् । त्यस्तै गरेर, हेली रेस्क्युतर्फ छिरिङ पाण्डे भोटे, आङ टासी शेर्पा र क्याप्टेन विवेक खड्का रहेका छन् । होमस्टेतर्फ पिप्रहर सामुदायिक होमस्टे ग्राम, ट्राभल एण्ड टुर्सतर्फ रवीन्द्रमान सिंह प्रधान, पत्रकारितातर्फ फुर्पा शेर्पा, चिनियाँ फोटोग्राफर से छुई सानदोङ रहेका छन् । ऱ्याफ्टिङ्तर्फ भने निमबहादुर मगर सम्मानित भएका छन् ।

यसैगरी हिन्दी चलचित्रतर्फ उचाइँ चलचित्रका निर्देशक सुरज बर्जत्य, उड्डयनतर्फ बुद्ध एयर, नेपाली चलचित्रतर्फ शाम्भाला चलचित्रका निर्देशक मीनबहादुर भाम सम्मानित भएका छन् ।

दिवसकै सन्दर्भमा पर्यटनको विकास प्रवर्द्धन कार्यक्रमलाई सघाउन र त्यस्ता कार्यक्रम देशैभर आयोजना गर्न र वर्षभरि पर्यटकीय गतिविधि सञ्चालन गर्ने मन्त्रालयले निर्णय गरेको छ ।

सरकारले चालु आर्थिक वर्षमा १६ लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएको छ । सन् २०२३ देखि २०३२ लाई पर्यटन दशक मनाएर वार्षिक ३५ लाख पर्यटक भित्र्याउने सरकारको योजना छ । बोर्डका अनुसार सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८२ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२४ को पहिलो आठ महिनामा सात लाख २० हजार तीन सय ३४ जना विदेशी पर्यटक नेपाल भ्रमणमा आएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले नेपाललाई शान्तिको पर्यटकीय गन्तव्य मुलुक बनाउनु पर्ने बताएका छन् । विश्व पर्यटन दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पाण्डेले ४५ औं विश्व पर्यटन दिवसको नारा पर्यटन र शान्ति रहेको उल्लेख गर्दै नेपालको सन्दर्भमा यो नारा निकै सान्दर्भिक रहेको र कतै नेपाललाई हेरेर यो नारा आएको हो कि भन्ने लागेको बताए ।

उनले बैदिक कालमा वेदका ऋचाहरूमा हाम्रा ऋषिमुनिले पृथ्वीमा शान्ति, जलमा शान्ति, आकाशमा शान्ति, वनस्पतीमा शान्तिको पक्षमा कामना गर्ने गरेको उल्लेख गर्दै त्यही बेलामा जलवायुको परिवर्तनले असर पृथ्वीले भोग्नु पर्ने छ र हामीले आकाश, जल, वायु सबैमा शान्ति खोज्नु पर्ने कुराको अनुमान गरेको उल्लेख गरे ।

यस्तै संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुण कुमार चौधरीले पर्यटनको विकासको लागि निजी क्षेत्रको महत्वपूण योगदान रहेको उल्लेख गर्दै सरकारले पर्यटन मैत्री नीति बनाउने तर्फ काम गरिरहेको बताए । मन्त्रालयका सचिव तथा नेपाल पर्यटन बोर्डका अध्यक्ष डा.गणेश प्रसाद पाण्डेले पर्वतीय पर्यटनमा नेपाल विश्वमा नै अग्रणी रहेको उल्लेख गर्दै पर्यटनबाट थप लाभ लिन सबैपक्षबीच सहकार्य आवश्यक रहेको बताए ।

पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटा (कमल) ले पर्यटन र शान्तिबीच अन्योन्याश्रित सम्बन्ध रहेको उल्लेख गर्दै पर्यटनमैत्री नीतिले मात्रै पर्यटनको विकास सम्भव भएको बताए । होटल संघ नेपाल (हान)का अध्यक्ष विनायक शाहले होटल क्षेत्रमा अर्बौंको लगानी रहेका र करिब १० लाख व्यक्तिलाई रोजगारी सिर्जना गरेको अवस्थामा राज्यले पर्यटनलाई प्राथमिकतामा राखेर अगाडी जानु पर्ने धारणा राखे । होटल व्यवसायी संगीता श्रेष्ठले नेपालमा पर्यटनको व्यापक सम्भावना भएकोले पर्यटनबाटै समृद्धिको यात्रा तय गर्न सकिने धारणा राखिन् ।

विश्व पर्यटन दिवसकै अवसरमा ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) ले सबैभन्दा बढि टिम्स काट्ने पाँच वटा कम्पनीलाई सम्मान गरेको छ । ग्रामिण पर्यटन मञ्च (भिटोफ) ले गुल्मी, धादिङ र संखुवासभाका तीनवटा होमस्टेलाई ३ वटा होमस्टेहरूलाई पर्यटन गाउँ घोषणा गरेको छ । यसैबीच दिवसकै अवसरमा जजिरा एअरलायन्स र फ्लाई दुवईबाट नेपाल आउने पर्यटकहरूलाई विमानस्थलमा स्वागत गरिएको थियो । नेपाल पर्यटन बोर्डमा वरिष्ठ निर्देशक हिक्मत सिंह ऐरले पर्यटकहरूलाई खादा तथा बुद्ध मुर्तिले स्वागत गरेका थिए ।

# दुई महिनामा झण्डै सात अर्बको स्मार्टफोन आयात

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** चालु आर्थिक वर्षको पहिलो दुई महिनामा झण्डै सात अर्ब रूपैयाँको स्मार्टफोन आयात भएको छ । भन्सार विभागको तथ्याङ्कअनुसार रु छ अर्ब ७० करोड ८१ लाख ५८ हजार बराबरको चार लाख ५४ हजार नौ सय ५८ थान स्मार्टफोन आयात भएको हो ।

यस अवधिमा सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ । विभागका अनुसार रु ११ अर्ब छ करोड ५२ लाख चार हजार बराबरको पेट्रोल आयात भएको छ भने रु १३ अर्ब ६४ करोड ५२ लाख ५० करोड बराबरको डिजेल आयात भएको छ ।


त्यस्तै, एलपी ग्यास रु नौ अर्ब ४२ करोड ५६ लाख ८५ हजार बराबरको आयात भएको छ । उक्त अवधिमा सवारी साधनको आयात पनि उच्च देखिएको छ । विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार रु दुई अर्ब ९४ करोड बराबरको मोटरसाइकल र रु दुई अर्ब ४३ करोड २१ लाख २६ हजार बराबरको विद्युतीय सवारी आयात भएको छ ।

नेपालबाट बढी निर्यात हुनेमा कार्पेट, चिया, जुट, धागोलगायतका वस्तु छन् । विभागका अनुसार साउन र भदौ महिनामा सबैभन्दा धेरै रु एक अर्ब ९९ करोड ९६ लाख सात हजार बराबरको कार्पेट निर्यात भएको छ । त्यस्तै रु एक अर्ब १४ करोड २४ लाख ३२ हजार बराबरको चिया निर्यात भएको छ । जुट, धागो, जुसलगायतका वस्तु बढी निर्यात हुनेमा रहेका छन् ।

चालु आर्थिक वर्ष २०८१/८२ को सुरुवाती दुई महिनामा कूल रु दुई खर्ब ८७ अर्ब ६३ करोड ५७ लाख २८ हजार बराबरको वैदेशिक व्यापारमा नेपालले रु दुई खर्ब ३७ अर्ब ४४ करोड ९५ लाख २३ हजार बराबर व्यापार घाटा व्यहोरेको छ । साउन र भदौ महिनामा रु दुई खर्ब ६२ अर्ब ५४ करोड २६ लाख २६ हजार बराबरको आयात हुँदा रु २५ अर्ब नौ करोड ३१ लाख तीन हजार बराबरको मात्रै निर्यात भएको छ ।

## कर्पोरेट

### सिद्धार्थ बैंकको दसैंको खुसीयाली डबल अफर




**काठमाडौं (प्रस)-** सिद्धार्थ बैंक लिमिटेडले नेपालीहरूको महान् चाड विजया दशमीको उपलक्ष्यमा आफ्ना ग्राहकहरूको लागि विशेष योजना ल्याएको छ। यस ‘दशैं डबल रिवार्ड अफर’ अर्न्तगत, बैंकका ग्राहकहरूले यहि मिति २०८१ आश्विन ११ देखि ३० सम्म गरिएको कार्ड वा मोबाइल बैंकिङ्ग कारोबारमा २ गुणा बढि प्वाईन्ट प्राप्त गर्न सक्नेछन् ।

बैंकले सञ्चालनमा ल्याएको सिद्धार्थ रिवार्डस कार्यक्रम अन्तर्गत ग्राहक महानुभावहरूले सिद्धार्थ बैंकको कार्ड प्रयोग गरी गरेको खरिद र मोबाइल बैकिङ्गबाट गरेको टपअपको आधारमा रिवार्डसमा सामान्यतः प्राप्त हुने प्वाईन्टको दोब्बर प्वाइन्ट प्राप्त गर्न सकिनेछ । यसरी आर्जन गरेको पोइन्टसलाई हवाइ टिकट, होटल, पसल, उपहार कार्ड, बिमा तथा इन्टरनेट बिल पेमेन्ट आदि जस्ता विभिन्न सेवाहरू लिन भुक्तानीका लागि नगदको सट्टा प्रयोग गर्न सकिनेछ ।

सिद्धार्थ बैंकले यो अफर मार्फत ग्राहकहरूलाई डिजिटल कारोबारको लाभ मात्र नभई, उनीहरूको बैंकप्रतिको विश्वासलाई अझ बलियो बनाउन पनि प्रयास गरेको छ । यस योजनाले ग्राहकहरूको डिजिटल बैंकिङ्ग कारोबारलाई प्रोत्साहन गर्नुका साथै बैंकले आफ्नो डिजिटल रूपान्तरणको यात्रालाई पनि थप गति दिने छ । यस योजना मार्फत ग्राहकहरूको विश्वासलाई अझै मजबुत बनाइ डिजिटल बैंकिङ्ग कारोबारलाई उत्कृष्ट बनाउने बिश्वास लिएको छ ।

### भृकुटीमण्डपमा आइतबारदेखि दसैं महोत्सव

**काठमाडौं (प्रस)-** ‘स्वदेशी उत्पादन, हाम्रो अभियान’ भन्ने मूलनाराका साथ यही असोज १३ गते आइतबारदेखि ‘घरेलु उद्यमी मेला तथा दसैं महोत्सव २०८१’ आयोजना हुने भएको छ । शुक्रबार यहाँ पत्रकार सम्मेलन गरी घरेलु तथा साना उद्योग सङ्घ काठमाडौं र काठमाडौं महानगरपालिकाको संयुक्त आयोजनामा प्रदर्शनीमार्गस्थित राष्ट्रिय सभागृहमा हुने उक्त मेलाबारे जानकारी गराइएको हो ।

मेला आयोजक समितिका संयोजक जीतेन्द्रकुमार श्रेष्ठले महानगरपालिकसँगको सहकार्यमा असोज १३ देखि २३ गतेसम्म काठमाडौंका लघु, घरेलु, साना तथा महिला र कृषि उद्यमीका उत्पादनको जिल्लास्तरीय औद्योगिक प्रदर्शनी गर्न लागिएको जानकारी दिए । महानगरपालिकाका ३२ वटै वडाका लघु, घरेलु, साना तथा महिला उद्यमीको सहभागितामा आयोजना गरिने औद्योगिक प्रदर्शनीमा सबै वडामा सञ्चालित उद्योगको सहभागिता रहने उनले बताए । मेलामा लघु घरेलु तथा साना उद्योगका उत्पादन, स्थानीय खानाका परिकार तथा मौलिक उत्पादन, प्राकृतिक रेशाजन्य उत्पादन, स्वदेशी जुत्तालगायतका ७० वटा स्टल रहने जनाइएको छ । प्रदर्शनीसँगै अन्तरक्रिया, छलफल, सांस्कृतिक कार्यक्रम र खाद्य महोत्सव प्रदर्शनीका आकर्षणको रूपमा रहने आयोजकको भनाइ छ । घरेलु तथा साना उद्योग संघ काठमाडौंकी अध्यक्ष पद्मकुमारी कार्कीले घरेलु तथा साना उद्यमीद्वारा उत्पादित वस्तुको प्रवर्द्धन र बजारीकरण गरी स्वदेशी वस्तुको उपभोगमा वृद्धि गर्ने उद्देश्यले मेला आयोजना गरिएको बताइन् ।

रोगबाट बच्ने उपायहरू
- खाना खानु अघि र खुवाउनुअघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,

साबुन पानीले मिचिमिचि हात धोऔं, रोगबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ